मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218



नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com


## जनकपुरधाममा नयाँ प्रशासकीय अधिकृत



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिकाको नयाँ प्रशासकीय अधिकृतमा राजकुमार केसरी हाजिर भएका छन् । नवनियुक्त प्रशासकीय अधिकृत केसरीलाई नगर प्रमुख मनोज कुमार साहले रस्वागत गरेका छन् ।


वर्ष २ · अंक २८९ · २०८१ साल भाद्र २१ गते शुक्रबार · Friday 06, September 2024 · सूर्योदय: बिहान ५:४७ बजे · सूर्यास्त: साँझ ६:१९ बजे · पृष्ठ ८ · मूल्य रु. ५/-


## ‘निष्ठाको पत्रकारिता गरिरहेका छौँ’



**मधेशदृष्टि**
**वीरगंज ।**
टिभी वीरगंजका अध्यक्ष ध्रुव साहले आफू र आफ्ना संचार संस्थाहरुले कहीँ कतै कसैलाई रकमकलमी कुरा गरेर समाचार प्रसारण र प्रकाशन नगरेको र कहिल्यै नगरिने बताएका छन् । बिहीबार प्रेस विज्ञप्ति जारी गर्दै अध्यक्ष साहले केही सञ्चारमाध्यममा मालपोत कार्यालयको कर्मचारीको हवाला दिँदै टिभी वीरगंजको नाम जोडेर समाचार प्रसार गरेकामा आपत्ति जनाएका छन् । उनले भनेका छन्, ‘हामी मधेशमा निष्ठाको पत्रकारितामा विगत तीन दशकदेखि क्रियाशील छौँ, कहीँ कतै रकमकलमी कुरा गरेर नमिलेपछि समाचार प्रसार उद्योग चलाउँदैनौँ, पर्सा र मधेशका जनताका मुद्दामा रातबिरात स्टिङ अपरेसन पनि गर्छौं, बदमास र दलाललाई स्थलगतरुपमै जवाफ दिने बनाउँछौँ ।’
उनले आफूले प्रसार गरेका कार्यक्रमहरु अहिले पनि सामाजिक सञ्जाल फेसबुक र युट्युबमा भएको, कसैको बहकाउमा कार्यक्रम र समाचार उत्पादन नगरिएको र टिभी वीरगंजले प्रसार गर्ने कार्यक्रमसँगै रेडियो वीरगंज र मधेशदृष्टि दैनिकले प्रसार तथा प्रकाशन गर्ने समाचार सामग्रीमा शंका नगर्न, समाचारबाट अप्ठेरो पर्दा सरकारका प्रेस काउन्सिल, मधेशका सञ्चार कार्यालयहरुमा उजुरी गर्न सकिने बताएका छन् ।
प्रत्यक्ष प्रसारणक्रममा कहिलेकहीँ कोहीकसैको मर्यादामा आँच पुगेको भए त्यसमा संस्थागतरुपमा सुधार गरेर अघि बढिने उनले बताएका छन् । उनले रेडियो, टिभी र पत्रिकामा आवद्ध कुनै पनि पत्रकारले समाचारका बहानामा मधेश र कहीँ कतै रकमीकलमी कुरा गरेको पाइए तत्काल संस्थामा या सञ्चारमाध्यमलाई नियमन गर्ने मधेश र देशको सञ्चार निकायमा उजुरी गर्न पनि आग्रह गरेका छन् । पृष्ठ ४ मा सम्पादकीय पनि पढ्नुहोस्...

# गर्मीमा वैज्ञानिक पुस्तक बेच्दै हिँड्दा माननीयहरु मौन



पर्सा क्षेत्र नम्बर १
संघीय सांसदः प्रदीप यादव
संघ सरकारः खानेपानी मन्त्री, पूर्वस्वास्थ्यमन्त्री
प्रदेश सांसदः रहबर अन्सारी, पूर्व राज्यमन्त्री
प्रदेश सांसदः लालबाबु राउत, पूर्व मुख्यमन्त्री



पर्सा क्षेत्र नम्बर २
संघीय सांसदः अजय चौरसिया
संघ सरकारः कानून मन्त्री
प्रदेश सांसदः श्याम प्रसाद पटेल
प्रदेश सांसदः रमेश प्रसाद कुर्मी



पर्सा क्षेत्र नम्बर ३
संघीय सांसदः राजकुमार गुप्ता
संघसरकारःसंघीयमामिलातथासामान्यप्रशासनमन्त्री
प्रदेश सांसदः प्रमोद कुमार जयसवाल, प्रदेश मन्त्री
प्रदेश सांसदः जनार्दनसिंह क्षेत्री, प्रदेश मन्त्री



पर्सा प्रदेश नम्बर ४
संघीय सांसदः रमेश रिजाल, पूर्व उद्योगमन्त्री
प्रदेश सांसदः शंकरप्रसाद चौधरी
प्रदेश सांसदः सिंगासन सा तेली, पूर्वमन्त्री

**मधेशदृष्टि**
**वीरगंज ।**
वैशाख २ गते गोरखापत्रले छापेको समाचारअनुसार, डा. महावीर पुनले त्यतिखेर नै ८० हजार पुस्तक बिक्री गरिसकेका थिए । वीरगंजको कृषि औजार कारखाना पुनः सञ्चालनका लागि आफ्नै आत्मकथाको पुस्तक बेच्न पुनको देशदौडाहा थियो । उनले नेपालका विभिन्न शहर पुगेर किताब बेच्ने क्रममा बिहीबार वीरगंजमै पुस्तक बेच्न शुरु गरेका छन् । विभिन्न नेता, कार्यकता, उद्योगी, व्यापारीलगायत नागरिक समाजका सदस्यहरुले पुस्तक किनेर तस्बिर सामाजिक सञ्जालमा साझा पनि गरेका छन् ।
नयाँ वर्ष २०८१ को वैशाख १ गतेदेखि पुस्तक बेच्ने काममा लागेका पुन तीन लाख पुस्तक बेच्ने अभियानमा थिए । ‘कारखाना सञ्चालनका लागि २५ करोड रुपैयाँ चाहिने भएकाले १ प्रतिशत नेपालीले पुस्तक किनिदिए लक्ष्य पूरा हुन्छ, कृषि कारखाना सञ्चालनमा आए एक सय जनाभन्दा बढीले प्रत्यक्ष रोजगारी पाउने र कृषकलाई फाइदा पुग्नेछ,’ पुनले भनेका छन् । कृषि औजार कारखाना मर्मत गरेर सञ्चालन गर्न पुनले आत्मकथा ‘महावीर पुन सम्झना, सपना र अविरल यात्रा’ पुस्तक बिक्री गर्दै वीरगंज आइपुग्दा भदौको तेस्रो साता बितेको छ । ३ सय ८ पृष्ठ रहेको




**घण्टाघरमा पुस्तक बिक्री गर्दै पुन :** राष्ट्रिय अविष्कार केन्द्रका अध्यक्ष महावीर पुनले वीरगंजस्थित कृषि औजार कारखानाको सञ्चालन र व्यवस्थापनको लागि आर्थिक स्रोत जुटाउन वीरगंजको घण्टाघरमा बिहीबार पुस्तक बिक्री गर्दै । तस्बिर: मधेशदृष्टि

पुस्तकको मूल्य ७ सय ५० रुपैयाँ छ । उनी पुस्तक बेच्दा ४ महिना २० दिनमा अर्थात् बिहीबार वीरगंज पुग्दा उनको पुस्तक किनेर ‘सेलिब्रेटी’ बन्ने धेरै देखिए तर पुनको कर्ममा वीरगंजले किन लाज मानेन भनेर सोच्ने र सोध्ने कोही देखिएनन् ।
हो, अब प्रसंग जोडौँ वीरगंज र पुनको । पुन वीरगंजका पनि होइनन् । उनी त बाहिरबाट आएर कृषि औजार कारखान सञ्चालनको सपना पूरा गर्न चाहन्छन् । उनलाई राष्ट्रिय आविष्कार केन्द्रका नाममा सरकारले कारखाना पनि दिएको छ । यो कारखाना चलाउन तत्काल पाँच करोड रुपैयाँ र पूरै चलाउन २५ करोड रुपैयाँ चाहिएको छ । तर नेपाल सरकार र मधेश प्रदेश सरकार उनको सपनामा साथ दिन तयार भएन । अरु त अरु पालैपालो संघ र प्रदेशमा मन्त्री भएका पर्सा जिल्लाका कसैलाई पनि पुनको कारखाना चलाउनु पर्छ भन्ने अभियानमा साथ दिन मन लागेन । त्यसपछि पुनः एक्लो वृहस्पति बनेर पुस्तक बेच्न हिँडे । पाँचौँ महिना सकिन केही दिन बाँकी हुँदा पनि वीरगंजबाट राजनीति गर्नेहरुलाई पुनको अभियानले गिज्याएन, लाज भएन र पुन अविराम हिँडिरहँदा कोही पनि वीरगंजका नेताहरु गम्भीर भएनन् । र, पुस्तक बेच्ने अभियान वीरगंज आइपुग्दा पनि पुनले पर्साका माननीय, मन्त्रीहरुबाट सहयोग र साथ पाएनन् । संसदमा यदाकदा बोल्ने राप्रपाका सांसद विना जयसवालले पनि यस विषयमा केही बोलेको सुनिएन ।
केपी ओली सरकारको २५ मन्त्रीमा ३ जना पर्साबाट छन् । प्रदीप यादव, अजय चौरसिया र राजकुमार गुप्ता ।
यसअघि पुष्पकमल दाहाल प्रचण्ड सरकारमा पनि पर्साका दुई मन्त्री थिए । रमेश रिजाल र प्रदीप ।
यस्तै, प्रदेश सरकारमा पर्साले मुख्यमन्त्रीसहित पटकपटक मन्त्री पाएको छ । यसपटक पनि मन्त्री छन् । तर पर्सामा कृषि औजार केन्द्र सञ्चालन गरेर देशलाई आवश्यक कृषि यन्त्र आविष्कारमा २५ करोड रुपैयाँ व्यवस्था गर्न किन कोही पनि चासो दिँदैनन् ? के महावीर पुनको सपना गलत छ ? या उनको सपना पूरा हुँदा कसैको व्यापार व्यवसाय घट्ने डर छ ?
सांसद र मन्त्रीहरुलाई किन यस्तो गर्मीमा एउटा वैज्ञानिक पुस्तक बेच्दै हिँडेको विषय गम्भीर लाग्दैन ? बन्दैन ? महावीर पुनले देखेको सपना वीरगंजको सपना होइन र ? कि बन्द भएको कृषि औजार कारखाना सञ्चालन गरेर वीरगंजको नाम रोशन गर्नु महावीर पुनको अपराध हो ?






## जसको लाठी उसको भैँसी भो



**लोकेश सिंह**
**क्षेत्रीय सभापति**
**नेपाली कांग्रेस, बारा**

राजनीतिमा राजनेता हुनलाई पूर्वाग्रह राखेर कोही पनि अघि बढ्न सक्दैन । अझ पढेर, अध्ययन गरेर नेता हुने संस्कार पनि हराउँदै गएको छ । जसको लाठी उसको भैँसी भनेजस्तो राजनीति देखिन थालेको छ । पदमा भएकाले मै खाउँ, मै मोजमस्ती गरौँ भने जसरी लागेको देखिन्छ । अझ तराईमा किताब पढ्ने, अध्ययन गर्ने संस्कारमा पछि नै छ । पढेर राजनीति गर्ने कमै छन् । शिक्षा लिएर राजनीति गरेको भए किन देशको हालत यस्तो हुन्थ्यो र ? शिक्षालाई जोड दिन जरुरी छ । महावीर पुनले यत्रो अभियान चलाइरहँदा सरकारले केही नबोल्नु दुःखद हो । सरकारले चाहेको भए कृषि औजार केन्द्र सञ्चालनका लागि कुनै समस्या हुने थिए । सानो बजेट पनि पारिदिउँ भनेर संघ र प्रदेशका सांसदहरु लागेको देखिएन । बारा र पर्साका सांसदहरुको यो हदसम्मको निष्क्रियताले महावीर पुन किताब बेच्न हिँडेको जस्तो लाग्छ ।

## हामी नेताहरुले लाज मान्नु पर्छ



**मनोज चौधरी**
**केन्द्रीय सदस्य**
**नेकपा एस**

वैज्ञानिक डा. महावीर पुनले पुस्तक बेचेर पैसा जुटाएर कृषि औजार केन्द्र सञ्चालनको सपना देखिरहँदा हामीले सकेको सहयोग गर्न जरुरी छ । तर हामी अहिले सरकारमा छैनौँ । स्थानीय, प्रदेश र केन्द्र सरकारमा नभएकाले हामीले बजेट व्यवस्था गर्न सक्दैनौँ । तर जो सरकारमा छन्, उनीहरुले पनि यो विषयमा बेवास्ता गरेको देख्दा चैँ हामीलाई लाज भएको छ । राजनीतिक स्वार्थ बोकेकाहरुले आफूअनुकुल भएन भने यस्तो महान कामलाई पनि चासो दिँदैनन् भन्ने देखिएको छ । महावीर पुनको अभियान सफल पार्न सरकारले केन्द्रको जग्गा धितो राखेर २ करोड रुपैयाँ पत्याएको छैन । पाँच करोड रुपैयाँ पनि बजेटमा व्यवस्था गर्न नसक्ने मन्त्रीहरु देखेर हामीलाई पनि लाज भएको छ । पर्साबाट अघिल्लो सरकारमा दुई मन्त्री थिए । अहिले पनि ३ मन्त्री छन् । २५ जनामा एउटै जिल्लाका ३ मन्त्री हुँदा पनि २०–२५ करोड रुपैयाँ व्यवस्था गर्न सक्दैनन् भने पदमा पुगेर के नै हुँदोरहेछ भन्ने देखिन्छ । प्रदेश सरकारमा पनि पर्साका सबैले मन्त्री हुने पालो पाएका छन् । अब केही प्रदेश सांसद मात्र मन्त्री बन्न बाँकी छन् ।
तर कसैले पनि प्रदेश सरकारमा पनि कृषि औजार केन्द्र सञ्चालनका लागि चासो दिएको पाइन्न । प्रदेश र केन्द्र सरकारले यति रकम त जतिबेला पनि जुटाउन सक्नु पर्ने हो । तर कसैले पुनको अभियानमा साथ दिएनन् । प्रदेश सरकारले मधेशलाई कृषिमार्फत फड्को मार्ने भनेको छ । तर कृषि औजार केन्द्र सञ्चालनको विषयमा एक रुपैयाँ बजेट छुट्याउने कोही लागे जस्तो देखिन्न ।

# चाइना साउदर्नले भैरहवा र पोखरामा उडान भर्ने

**काठमाडौं ।**
संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे र चाइना साउदर्न एयरलाइन्सका प्रतिनिधिबीच भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा हवाई उडान भर्ने विषयमा छलफल भएको छ ।
चाइना साउदर्न एयरलाइन्सका प्रतिनिधिले बिहीबार मन्त्री पाण्डेसमक्ष सिंहदरबारमा भेट गरी पोखरा र भैरहवामा उडान भर्न आफूहरु उत्साहित रहेको बताएको पर्यटन मन्त्रालयले जनाएको छ । ४० वटाभन्दा बढी मुलुकमा सेवा दिँदै आएको चीनको प्रमुख एयरलाइन्समध्येको चाइना साउदर्न एयरलाइन्सले नेपालमा समेत आफ्नो सेवा सञ्चालन गरिरहेको छ । चीनको ग्वाङ्जाओबाट हाल काठमाडौंमा नियमित रूपमा उडान भर्दै आएको एयरलाइन्सले पोखरा र भैरहवा उडानका लागि मन्त्री पाण्डेले नीतिगत रूपमा गरेको सुधारको प्रशंसा गरेको थियो ।
चाइना साउदर्न एयरलाइन्सले पोखरा र भैरहवास्थित अन्तर्राष्ट्रिय विमानस्थलमा उडान भर्ने कुराको स्वागत गर्दै मन्त्री पाण्डेले भने, 'तपाईंहरू पर्यटकीय राजधानी पोखरा र भगवान् गौतम बुद्धको जन्मस्थल भैरहवा उडान भर्नेमा स्वागत गर्न चाहन्छु । यसले द्विपक्षीय हित आपसी सम्बन्ध विस्तारमा समेत फाइदा पुग्नेछ ।' मन्त्री पाण्डेले चाइना साउदर्नको नियमित उडानले नेपाल र चीन दुवै मुलुकलाई फाइदा पुग्ने विश्वास व्यक्त गरे । मन्त्री पाण्डेले नेपाल एयरलाइन्सले चाइना साउथ एयरलाइन्सबाट हवाई सुरक्षाबारे लाभ लिनेसमेत प्रस्ट पारे । साथै मन्त्री पाण्डेले हवाई उडानका क्रममा नेपाली पक्षबाट केही कमजोरी भएको भए पनि सोबारेमा आफूलाई जानकारी गराउन अनुरोध गरेका छौँ । त्यसैगरी, द्विपक्षीय हित र आपसी सम्बन्ध थप सुदृढ पार्न हवाई क्षेत्रले प्रभावकारी भूमिका निर्वाह गर्नेसमेत बताए । रासस

# बैङ्किङ कसुरसम्बन्धी विधेयकः पीडितलाई न्याय दिने सहमति

**काठमाडौं ।**
चेक अनादार मुद्दामा पीडितलाई तत्काल न्यायको अनुभूति हुने गरी कानुनी व्यवस्था गर्न सांसदहरुले जोड दिएका छन् । संसद्को अर्थ समितिको बिहीबारको बैठकमा सांसदहरुले कुनै हदम्याद नराखी पीडितले न्याय पाउनेगरी कानुनी प्रबन्ध गर्दा सहज हुने धारणा राखे ।
पछिल्ला दिनमा बैङ्किङ कसुर तथा सजायसम्बन्धी विधेयक (दोस्रो संशोधन), २०८० माथि लगातार छलफल भइरहेको छ ।
म्याद राखेर जाँदा पीडित थप पीडित हुने भएकाले तत्काल अदालत वा प्रहरीमा जान सक्नेगरी कानुनी प्रबन्ध गर्दा जायज हुने केही सांसदको मत थियो ।
यस्तै, केही समय मेलमिलापका लागि समय दिँदा पनि फरक नपर्ने मतसमेत बैठकमा व्यक्त भएको थियो । अदालत वा प्रहरीमा जाँदा पीडितले न्याय पाउन लामो समय लाग्ने भएकाले मेलमिलापका लागि केही समय राख्दा ठीक हुने उनीहरुको धारणा थियो ।
बैठकमा पूर्वअर्थमन्त्रीहरु ज्ञानेन्द्रबहादुर कार्की, वर्षमान पुन, डा. प्रकाशरण महतलगायतले विधेयकको समग्र पक्षबारे धारणा राख्दै समसामयिक र वस्तुनिष्ठ रुपमा कानून निर्माण हुनुपर्ने बताए ।
अदालतमा मुद्दा पुग्दा वर्षौंसम्म पनि फैसला नहुने, पीडित झन् पीडित हुने भएकाले समग्र पक्षलाई ख्याल गरेर उपयुक्त प्रावधान राख्दा कानुन निर्माणको मक्सदसमेत पूरा हुने सांसदहरुको कथन थियो ।
कानून निर्माण गर्दा अपराध घटाउने उद्देश्य राखिने भएकाले अपराध कर्म गर्नेलाई नै सहजीकरण हुने गरी प्रावधान राख्न नहुनेमा अधिकांश सांसदको जोड थियो । बैठकमा सांसदहरु जुलीकुमारी महतो, ज्ञानबहादुर शाही, छिरिङ डुम्डुल लामालगायतले विधेयकको समग्र पक्षमा धारणा राख्दै समयानुकूल कानून निर्माण गर्नुपर्ने बताए । रासस

# नेपाली नारीको पर्व तीज शुरु

**काठमाडौं ।**
हरितालिका (तीज) व्रतका लागि शक्ति प्राप्त गर्न नेपाली नारीले शुक्रबार दर खाने तयारी गरेका छन् । दर खाएसँगै शुक्रबारदेखि चार दिने तीज पर्व शुरु हुन्छ ।
विशेष गरी नेपाली नारीले मनाउने हरितालिका अर्थात् तीजको पहिलो दिन अर्थात् भाद्र शुक्ल द्वितीयाका दिन शुक्रबार दर खाइन्छ । माइतीले चेलीबेटीलाई बोलाई दर खुवाउने परम्परा छ । दरका रुपमा विशेष गरी दूधबाट बनेका शुद्ध परिकार खाइन्छ । जसले व्रतका दिन आडिलो बनाउँछ । गहुँको रोटी र घ्यूउ खाँदा वर्तालुका लागि अझ आडिलो हुने धर्मशास्त्रविद् प्रा. डा. रामचन्द्र गौतम बताउँछन् ।
विगत वर्षमा नेपालमा मात्र मनाइने तीज पर्व पछिल्लो समय सञ्चारमाध्यमको प्रचारप्रसारका कारण भारतमा पनि यो पर्व मनाउन थालिएको छ । तीजको गीत भारतीय टेलिभिजन च्यानलमा प्राथमिकताका साथ देखाउन थालिएको छ ।

**नीराहार व्रतको अघिल्लो दिन दरको संस्कृति**

तीजको व्रत सक्नेले निराहार बस्ने भएकाले आज वर्तालुहरुले शक्ति प्राप्तिका लागि मीठा मीठा एवम् आडिलो परिकार दरका रुपमा खाई शुक्रबारको व्रतका लागि पूर्व तयारी गर्छन् । विशेषगरी माइती एवम् दाजुभाइले छोरी, चेली, दिदी बहिनीलाई बोलाई दर खुवाउने गर्दछन् । दर दुई भाग रात हुँदै खाइसक्नुपर्ने शास्त्रीय विधान रहेको धर्मशास्त्रविद् प्रा. तोयराज नेपाल बताउँछन् ।
महिलाले वर्षदिनभर आफूलाई परेका दुःख, पीर, मर्कालाई पोख्ने पर्वका रुपमा तीजलाई उपयोग गर्ने गरेका छन् । तीजको अवसरमा गीतका माध्यमबाट यस्ता मर्कालाई महिलाले सार्वजनिक गर्दछन् । जन्मघरबाट कर्मघरमा गई बस्दा पाएका दुःख, पीर, मर्कालाई नारीले पोख्ने गरेका छन् ।

**विकृतिमा रुपान्तरित हुँदैछ तीजको संस्कृति**

पछिल्ला वर्षहरुमा तीजका नाममा उच्छृंखला र तडकभडक बढेको गुनासो सुनिन थालेको छ । एक महिना अघिदेखि दर खाने, गरगहना एवम् पोसाक प्रदर्शन गर्ने जस्ता गतिविधिले तीजको संस्कृतिलाई विकृतिका रुपमा लैजान खोजेको समाजशास्त्री कीर्तिकुमार राई बताउँछन् । व्रत बस्ने शक्तिका लागि भाद्र शुक्ल तृतीयाको अघिल्लो दिन बेलुकी खाइने दर महिनौँ अघिदेखि खानु र व्रतका नाममा खाइने खाद्य पदार्थमा तामसी चीज हुनुले पनि संस्कृतिलाई विकृतितिर लगेको उनी सुनाउँछन् ।
यस्ता गतिविधिले नहुनेलाई खिन्न बनाउने भएकाले पनि विकृति रोकिनुपर्नेमा पनि संस्कृतिविद्, धर्मशास्त्री एवम् समाजशास्त्रीहरुले जोड दिएका छन् । महिनौँ अघिदेखि नै दर खाने चलन पछिल्लो समय बढ्न थाले पनि भाद्र शुक्ल द्वितीयाको बेलुकीको समय शास्त्रीय रुपमा दर खाने दिनका लागि तोकिएको छ । यो दिन तोकिनुको कारण तृतीयाका दिन नीराहार व्रत बस्नकै लागि भएको नेपाल संस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठ धर्मशास्त्र विभागका प्रमुखसमेत रहेका नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका सदस्य प्रा. डा. देवमणि भट्टराई बताउँछन् ।
पछिल्लो समय सरकारीलगायतका कार्यालयमा एक महिनाअघिदेखि नै तीज कार्यक्रमका नाममा तामझाम हुने गरेको छ । संस्कृतिलाई विकृतिका रुपमा लैजान नागरिकको सरकारी करबाट चलेका संस्था नै अग्रसर हुनु राम्रो नभएको धर्मशास्त्रविद् भट्टराईको तर्क छ ।

**दर खाएर सुरु गरिँदै चार दिने तीज**

बिहीबार दर खाएपछि औपचारिक रुपमा शुरु हुने तीज पर्व ऋषि पञ्चमीसम्म मनाइन्छ । तृतीयाका दिन हरितालिका व्रत, चौँथीका दिन, गणेश भगवान्को पूजा र पञ्चमीका दिन स्नान गरी अरुन्धतीसहित सप्तऋषिको पूजा गरी तीज समापन हुन्छ ।
यसवर्ष भदौ २२ गते शनिबार भगवान् गणेश उत्पत्ति भएको विश्वास गरिने गणेश चौथी पर्व मनाइन्छ । भदौ २३ गते आइतबार ऋषि पञ्चमी पर्व मनाइने समितिले स्वीकृति दिएका पात्रोमा उल्लेख छ । गणेश चौँथी प्रातः कालमा तिथि परेका दिन मनाइन्छ । ऋषि पञ्चमी भने मध्याह्न कालमा पञ्चमी परेका दिन मनाउनुपर्ने शास्त्रीय विधि छ ।

**हरितालिकाको पौराणिकता**

तीजको आगमनसँगै नेपाली महिलामा उत्साह जाग्ने गरेको छ । सत्ययुगमा हिमालय पुत्री पार्वतीले गौरीघाटमा बसी तपस्या गरेर श्री महादेव पति पाउने बरदान पाएकी थिइन् । तर पिता हिमालयले पार्वतीको इच्छा विपरीत विष्णुसित विवाह गरिदिन खोजेपछि साथीहरुलाई आफ्नो समस्या सुनाएको वर्णन विभिन्न पुराणमा गरिएको छ ।
पार्वती समस्यामा परेको थाहा पाएपछि उनका साथीहरुले हरण गरेर लगी कसैले नदेख्ने ठाउँमा लुकाएर राखिदिए । साथीहरुले लुकाएकै ठाउँमा पार्वतीले नीराहार व्रत गरी महादेवलाई पतिका रुपमा प्राप्त गरेको विषय पनि पुराणमा उल्लेख गरिएको छ ।
यसरी पार्वती साथीहरुद्वारा हरण भएको दिन भाद्र शुक्ल तृतीयाको दिन भएकाले त्यही समयदेखि हरितालिका (तीज) को व्रत लिने प्रचलन शुरु भएको धर्मशास्त्रीय मत छ । हरितालिका (तीज) पर्वका अवसरमा पशुपतिनाथलगायत देशभरका शिवालयमा लाखौँ महिलाको भीड लाग्ने गर्छ । तीजका अवसरमा महिला पुराना साथीभाइ एवम् इष्टमित्रसँग भेटघाट गर्छन् । भेटघाटक्रममा वर्ष दिनका सुखदुःखका कुरा गर्छन् ।
तीजशुरु भएसँगै रेडियो एवम् टेलिभिजनले पनि 'तीजको रहर आयो बरी लै' गीत बजाउने गरेका छन् । तीज आएसँगै समग्र माहोल नै पर्वमय बन्न पुगेको छ । तीजलगत्तै नेपालीले मनाउने ठूला पर्व बडादशै र तिहार नेपालीको घरआँगनमा आउने गर्छ । रासस

# 'अभिभावकको अनुमतिमा रुस पठाउन सकिने'

**काठमाडौं ।**
शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले छात्रवृत्ति अध्ययनका लागि रुस जान लागेका विद्यार्थीलाई अभिभावकको अनुमतिमा मात्र जान दिने बताएकी छिन् । बिहीबार मन्त्रालयमा रुसमा छात्रवृत्तिका लागि जान लागेका विद्यार्थी तथा अभिभावकसँगको छलफलमा उनले अभिभावकले आफ्नो छोराछोरी जानका लागि मन्त्रालयमा लिखित अनुमति र प्रतिबद्धता जनाए मात्र पठाउन सकिने बताएकी हुन् ।
'अहिले रुस र युक्रेनको युद्ध चलिरहेको छ । यस्तो अवस्थामा अभिभावकले मन्त्रालयसँग आफ्ना छोराछोरी जानका लागि अध्ययन अनुमतिपत्र माग्न आउनुहुन्छ भने हामी प्रतिबद्धता जनाएर पठाउन तयार छौँ,' उनले भने, 'दुई देशबीच युद्ध चलिरहेको बेला हामीले अध्ययन अनुमतिपत्र दिन सकेका थिएनौँ । परराष्ट्र मन्त्रालयले पनि जानका लागि स्वीकृत दिएपछि विद्यार्थीलाई अभिभावकको सहमतिमा पठाउछौँ ।'
मन्त्रालयले ती विद्यार्थी पढ्न जाने ठाउँको स्थितिबारे परराष्ट्र मन्त्रालयसँग बुझेर मात्र अध्ययन अनुमति पत्र दिन लागेको हो । मन्त्री भट्टराईले विदेशभन्दा नेपालकै विश्वविद्यालयको शिक्षा सुधार गर्न आफू लागि परेको उल्लेख गरे । उनले १३ वटै विश्वविद्यालयको एउटै शैक्षिक पात्रो बनाएर समयमा भर्ना, पढाइ र परीक्षाफल प्रकाशित गर्न थालेको जानकारी दिइन् ।
शिक्षा सचिव डा. दीपक काफ्लेले रुसको १२ ठाउँमा ४० विद्यार्थी चिकित्सा शास्त्र, इञ्जिनियरिङ लगायत विभिन्न विषयमा छात्रवृत्तिमा अध्ययन गर्न जान लागेको जानकारी दिइन् । उनले रुसस्थित नेपाली राजदूतावासले पनि ती विद्यार्थी पढ्न जाने ठाउँ सुरक्षित रहेकाले मन्त्रालयले अध्ययन अनुमति पत्र दिने प्रक्रिया अघि बढाउन सकिने जानकारी दिएको बताइन् ।
छलफलमा अभिभावक गङ्गा भण्डारीले रुसमा छोरीले चिकित्सा शास्त्र स्नातक तह (एमबिबिएस)मा छात्रवृत्तिमा नाम निकालेको हुनाले मन्त्रालयले अध्ययन अनुमतिपत्र दिनुपर्ने बताइन् । उनले रुस युक्रेनको युद्धले छोरी पढ्ने विश्वविद्यालय भएको ठाउँमा प्रभाव नपर्ने भएकाले अध्ययन अनुमतिपत्र दिन आग्रह गरिन् ।
रसिया सरकारले उपलब्ध गराएको छात्रवृत्तिमा परराष्ट्र मन्त्रालयले छनोट गरेपछि ती ४० जना विद्यार्थी रुस जान लागेका हुन् । ती विद्यार्थी दुई वर्षदेखि छ वर्षसम्म चिकित्सा, इञ्जिनियरिङ लगायतका विषय अध्ययन गर्न जान लागेका हुन् । अर्का अभिभावक रामनिवास पुरीले छोराले छात्रवृत्तिमा नाम निकालेको हुनाले मन्त्रालयले अध्ययन अनुमतिपत्र उपलब्ध गराएर रुस जाने वातावरण निर्माण गर्न अनुरोध गरे । उनले युद्धको नाममा छोराछोरीलाई अध्ययन अनुमतिपत्र रोक्न नहुने बताए । उनका छोरा अरुणकुमार पुरी पनि एमबिबिएस अध्ययनका लागि रुस सरकारद्वारा प्रदान गरिने छात्रवृत्तिमा जाने तयारीमा छन् ।
छलफलमा सहभागी विद्यार्थी तथा अभिभावकले मन्त्रालयले अध्ययन अनुमतिपत्र दिनुपर्ने बताएका छन् । रुसस्थित नेपाली राजदूतावासले पनि ती विद्यार्थी पढ्ने ठाउँ सुरक्षित रहेकाले अध्ययन अनुमतिपत्र दिन आग्रह गरेको छ । रासस



**सिँचाइकालागि सोलार प्यानलः** सर्लाहीको कौडेना गाउँपालिका–३ स्थित बालीमा सिँचाइगर्न विद्युत आपूर्तिकालागि जडान गरिएको सोलार प्यानल ।
तस्बिरः विश्वनाथ ठाकुर

# भारतीय बजार रुपैडिहामा नेपाली उपभोक्ताको लर्को

**बाँके ।**
बाँकेको सीमावर्ती भारतीय बजार रुपैडिहामा दैनिक उपभोग्य वस्तु खरिदका लागि नेपाली उपभोक्ताको लर्को लागेको छ ।तीजको पूर्वसन्ध्या भइसक्दा पनि नेपालगंज बजारमा व्यापारको धेरै चहलपहल छैन । बजारमा उपभोक्ताको चहलपहल कम छ । सीमा पारी भारतीय बजार रूपैडिहामा किनमेल गर्ने नेपाली उपभोक्ताको चहलपहल बढेको छ । घरायसी उपभोगका सामानसँगै चाडपर्वका लागि आवश्यक पर्ने खाद्यान्न र लत्ताकपडा खरिदका लागि दैनिक हजारौँको सङ्ख्यामा नेपाली उपभोक्ता सीमावर्ती भारतीय बजार रुपैडिहा पुग्ने गरेका छन् ।
अधिकांश उपभोक्ता नेपाली हुने भएकाले रुपैडिहामा नेपाली रुपैयाँ र मूल्यमा कारोबार हुने गरेको छ । व्यापारीहरुले पसलमा काम गर्ने कामदारसमेत नेपालीलाई राखेर भाषाको सहजता गरेका छन् । नेपाली उपभोक्ताको भरमा रुपैडिहा बजार चलेको स्थानीय व्यापारी सुजित वैश्यले बताए ।
रुपैडिहा बजारमा खाद्यान्नको किराना पसल गर्दै आएका वैश्यले नेपाली चाडपर्व तीज दशैँ तिहारमा नेपाली उपभोक्ताको भीडभाडले आफूहरुलाई भ्याइनभ्याइ हुने गरेको उल्लेख गरे । यतिबेला तीजपर्वका लागि खाद्यान्नसँगै कपडा पसलमा भीडभाड रहेको उनको भनाइ छ ।
चाडपर्व मात्र होइन अन्य समयमा पनि दैनिक उपभोग्य सामग्रीका लागि नेपाली उपभोक्ता भारतीय बजार



रूपैडिहामै निर्भर रहने गरेको नेपालगंज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष कृष्णप्रसाद श्रेष्ठले बताए । रुपैडिहा बजार नेपाली उपभोक्ताहरूको भरमा टिकेको छ । दैनिक करिब एक करोड रुपैयाँको कारोबार नेपाली उपभोक्ताबाटै हुने गरेको छ । दैनिक उपभोग्यका सामान, तरकारीलगायतका वस्तु किन्न सैयौँ नेपाली सीमा पारि जान्छन् । नेपालगंजमा चाडपर्वको बेलामा पनि कारोबारमा कमी आएको श्रेष्ठको भनाइ छ ।
नेपाली उपभोक्ता भारतीय बजारमा किनमेलका लागि जाने समस्या अहिलेको होइन । नेपाली उपभोक्ता नेपालगंजमै रोक्ने लक्ष्य नेपालगंज उद्योग वाणिज्य सङ्घको प्रत्येक निर्वाचनका बेला चुनावी नारा बन्ने गर्दछ, तर निर्वाचन पछि सेलाउदै जाने गरेको छ । सङ्घका महासचिव भीमबहादुर रानाभाटले सस्तो पाइने लोभमा नेपाली उपभोक्ता भारतीय बजार रुपैडिहा जाने चलनले नेपालगंजका व्यवसायी धरासायी भएको बताए । सस्तो पाइने लोभमा खाद्यान्नदेखि लत्ता कपडाको किनमेलका लागि पनि नेपाली उपभोक्ताको सीमावर्ती भारतीय बजार रुपैडिहामा भीड लाग्ने गरेको छ ।
'हामीले बेला बेलामा उपभोक्ता जागरण कार्यक्रम गरेर सम्झाउने काम गरेका छौँ,' नेपालगंज उद्योग वाणिज्य सङ्घका महासचिव रानाभाटले भने, 'भारतीय बजारमा सबै सामान सस्तो पाइन्छ भन्ने भ्रम नेपाली उपभोक्तामा हट्न सकेको छैन ।' पछिल्लो एक सातायता किनमेल गर्न भारतीय बजार रुपैडिहातर्फ जाने नेपाली उपभोक्ताको भीड बढेको छ । तीजको किनमेल गर्न भारतीय बजार रुपैडिहामा नेपाली उपभोक्ताको लर्को लागेपछि यतिबेला नेपालगंजका व्यापारी चिन्तित् छन् । बाँकेका ग्रामीण क्षेत्र तथा बर्दिया, दाङ, सुर्खेत, दैलेख, जाजरकोट र सल्यानलगायतका उपभोक्तासमेत किनमेलका लागि भारत जाने गरेका छन् ।

## सम्पादकीय

# मालपोत कार्यालय र जनताका गुनासो

*भूमिसुधार तथा मालपोत कार्यालय पर्साका कर्मचारीहरुले जनताको काम गरेनन् भनेर एकाध गुनासो आएकै थियो । लगातार यो गुनासो आउन थालेपछि टिभी वीरगंजले एउटा स्टिङ अप्रेसन गरेको हो । पत्रकारले जनताका मुद्दामा स्टिङ अप्रेसन गर्ने अभ्यास प्रजातान्त्रिक देशहरुमा छ ।*

*सरकारी कार्यालय अझ मालपोत र नापी कार्यालयमा हुने बदमासी अन्त्य गर्न जरुरी छ भन्ने हाम्रो मक्सद हो । यसमा कहीँ कतै कोही अनुहारसँग व्यक्तिगत दुश्मनी मोलेर, साँधेर राष्ट्रिय मिडियाको दुरुपयोग गर्नु पत्रकारितामा व्यापार हो भन्ने हामीले बुझेका छौँ । यस्तो काम पत्रकारिताको बदनाम हो । यो क्षणिक हो । जनताका मुद्दा लुकाएर र कर्मचारीको प्रिय भएर केही दिन दालभातको जोहो त होला तर पत्रकारितामा भइरहेको बदनामीले यस्ता सञ्चारगृहहरु छिट्टै स्वस्थानीमा महादेवले नै अँगालो हालेर हिँड्दा पनि एक–एक अंग झरेर सकिएकी सतीदेवी जस्तै हुन्छ भन्नेमा हामी दृढ छौँ । जनताले नै आफ्नो मुद्दा मिडियामा लुकेको थाहा पाएपछि त्यस्ता मिडिया पढ्दैनन्, हेर्दैनन् र सुन्दैनन् भन्नेमा हामी विश्वस्त छौँ । यसैले हामी जनमुखी सञ्चार सामग्री उत्पादनका लागि पहिलो सूचना पाउने बित्तिकै दौडिहाल्दैनौँ, स्टिङ पनि हान्दैनौँ ।*

*जमाना रुलको भन्दा हूलको छ । हूल देखाएर तर्साउने जमर्को जताततै भइरहेको पाइन्छ । अझ मिडिया उद्योगमा यसको खपत अलि बढी भइरहेको छ । मिडियालाई भीड देखाएर तर्साउन सकिन्छ भन्ने धेरैलाई पर्दै गएको छ । तर कुनै पनि मिडियाले स्टिङ गर्नुअघि अध्ययन, अनुसन्धान, केही सुराक र तथ्य पाएर नै यस्तो काम गरेको हो, कमीकमजोरी नबाहिरिएसम्म कुनै पनि मिडियाले यस्तो गर्दैन भन्ने सरकारी कार्यालयका मुखियाहरुले पनि बुझ्न जरुरी छ ।*

*पत्रकारिता सबैको कुरा राख्ने मञ्च हो भनेर 'तपाईंले किन भ्रष्टाचार गर्नु भएको' भनेर भ्रष्ट र बदमासहरुको कुरा राख्ने मञ्च अब हुन सक्दैन । बदमासीविरुद्ध खबरदारी स्वतन्त्र र निष्पक्ष गरिनु पर्छ भन्नेमा हामी सचेत छौँ । नागरिक समाज र भीडका नाममा यस्तो विषयमा पढाइरहनै पर्दैन ।*

*जिल्ला मालपोत कार्यालय पर्साका पुराना कर्मचारीहरु पनि विभिन्न भ्रष्टाचार मुद्दामा दोषी सावित भएका छन् । जनताको प्रत्यक्ष सरोकार राख्ने निकाय जिम्मेवार हुनुपर्छ । कार्यालय प्रमुख समयमा कार्यालय आएर जनताको गुनासो सुन्नुपर्छ । फेरि टिभी वीरगंजले प्रसार गरेको भिडियोमै कार्यालय प्रमुख डमरु निरौलाले आज आउन ढिलो भएको भनेर स्वीकारेका छन् । उनले आफ्नो कार्यालयका विषयमा उभिएर जवाफ दिने हैसियत बनाउनु पर्छ न कि भीड देखाएर मिडिया डराउँछ भनेर अनेक आरोपको सहारा लिउन् ।*

*पर्सा प्रशासनलाई जानकारी भएकै विषय हो । हामीले जनताका मुद्दा उठाउँदा एउटा सञ्चारगृहलाई सूचना दिन आउने, साथ दिन आउने सबैलाई दोषी करार गरेर शक्ति देखाउने हो भने अड्डा अदालत किन चाहियो ? मालपोतबाटै कसैको चरित्र सिध्याउने, कसैलाई दलाल करार गर्ने काम अक्षम्य छ । विवाद बढाएर हाम्रो मनोबल गिराइयो भन्नु भन्दा उच्च मनोबलले काम गर्ने सक्रे दस्ता तयार पारेर मालपोत कार्यालय पर्सा देशमै उत्कृष्ट सरकारी निकाय होस्, हामी फूलमालासहित फेरि स्टिङमा आएर भन्नेछौँ, यस्तो पो सुशासन ! वाह मालपोत कार्यालय पर्सा !*

# तीज, महिला आन्दोलनको प्लाटफर्म



दिपीका कार्की

**जनकपुरधाम**

प्रत्येक वर्ष जस्तै यस वर्ष पनि तीज आएको छ । तीजसँगै महिलाहरूको स्वतन्त्रताप्रतिको सङ्किर्ण सोच पनि प्रकट भएको छ । केही मानिसहरू तीजको आगमनसँगै सामाजिक सञ्जालमा विषवमन गर्न थाल्छन् र आपूmलाई समाज सुधारको एकल ठेकेदार ठान्छन् । उनीहरूको धारणा अनुसार, महिलाहरूले तीजमा नाचगान र खानपिनको कारण समाज पिछडिएको छ । मानौ, यो एउटै तीजको कारण समाज 'असभ्य' भएको छ । उनीहरूका अनुसार, महिलाहरूले तीजमा नाच्नाले धरती फाट्ने र आकाश खस्ने खतरा उत्पन्न भएको छ।

यदि तपाईं पनि तीजलाई र तीजसँगै आउने महिला उत्सवलाई 'कुसंस्कार' मान्नुहुन्छ



भने, माफ गर्नुहोस्, यो आलेख तपाईंको लागि होइन । किनभने यो आलेखमा महिला स्वतन्त्रता र मानवअधिकारको दृष्टिकोणबाट तीजको उत्सवलाई व्याख्या गरिएको छ, जुन तपाईंको दृष्टिले हेर्ने 'कुसंस्कार' भन्दा फरक छ।

मैले हेर्ने तीज, लैङ्गिक समानताको आन्दोलन हो । यो नारी मुक्तिको क्रान्तिको माध्यम हो । यो धार्मिक उत्सव मात्र नभई सांस्कृतिक र राजनीतिक आन्दोलनको रुपमा पनि महत्वपूर्ण छ।

**समाजिक परिवर्तन र लैङ्गिक समानता**

समाज परिवर्तनको क्रममा मातृसत्तात्मक परिवारबाट पितृसत्तात्मक परिवारमा पुग्दा पुरुषहरूले महिलामाथि शासन गर्न विभिन्न माध्यमहरूको प्रयोग गरे। यसक्रममा विभिन्न कथन र कथ्यहरूको रचना देखि नियम कानुनहरूको निर्माण र प्रयोग पनि भयो। मनु स्मृति, चाणक्य नीति, विदुर नीति वा शुक्र नीति सबै महिलालाई दबाउन लेखिएको ग्रन्थहरु हुन् । कतिपय अवस्थामा महिलाहरूलाई बन्दीको रुपमा पनि राखिएको पाईन्छ । बन्दीको अवस्थामा महिलाको हातखुट्टा बाँध्नका लागि नेलकडी र सिक्रीहरूको प्रयोग गरियो । अहिले पनि महिलाले गहनाका रुपमा प्रयोग गर्ने चुरा र पायलहरू त्यही नेलकडी र सिक्रिहरूको प्रतिकात्मक रूप हुन्।

यस अवस्थामा महिलाहरूले सङ्गठित हुन, आफ्ना मनका भाव पोख्न, र आफूमाथि हुने विभेदलाई व्यक्त गर्न विभिन्न उपायहरुको खोजी गर्न थाले। तीज त्यसैक्रममा स्थापित भएको एउटा प्लेटफर्म हो। यसमा गीतमार्फत आफ्ना दुःख पीडा व्यक्त गर्न थालियो। यसरी एउटा वैकल्पिक कथ्यको निर्माण भयो।

महिलाहरुले बडो चतुरा¥याँईपूर्वक आफ्ना पतिको दिर्घायूको कामना गर्दै सङ्गठित हुने गरेका थिए। तर यहाँ पनि विस्तारै पाण्डित्य घुस्न थाल्यो र यो सङ्गठन पनि विस्तारै सामन्ति धार्मिक क्रियाकलापको रुपमा स्थापित भयो । पारम्परिक तीजलाई हेर्ने हो भने, यो सामन्ति र महिलामाथिको हिंसाको प्रतीक हो। यसमा महिलाले आफ्ना पतिको गोडा धोएर पानी खान्छन्। यस्तो देख्दा लाग्छ, मानौ महिला दासी होऊन् र पुरुष मालिक। यसरी महिला अधिकारको लागि पैरवी गर्ने एउटा मञ्च विस्तारै महिला दासताको एउटा प्रतीकको रुपमा स्थापित भयो।

**लैङ्गिक समानताको आन्दोलनमा तीजको भूमिका**

नेपालमा लैङ्गिक समानताको आन्दोलनको सुरुवात २० औं शताब्दीको मध्यतिर भएको मानिन्छ । विशेष गरी सन् १९५० को दशकपछि, जब नेपालमा प्रजातन्त्रको आगमन भयो, महिला अधिकार र लैङ्गिक समानताका मुद्दाहरू उठ्न थाले । १९५१ सालको प्रजातन्त्र स्थापनापछि महिलाहरूले शिक्षाको पहुँच, मतदान अधिकार र कानूनी समानताको लागि आवाज उठाउन थाले । १९९० को दशकमा नेपालमा बहुदलीय प्रजातन्त्र पुनःस्थापना भएपछि लैङ्गिक समानताका लागि अझै बलियो अभियानहरू सञ्चालन भएका थिए। संविधान र कानूनी सुधारहरू, जस्तै १९९० को संविधान र २०६३ सालको अन्तरिम संविधानमा समावेश गरिएका अधिकारहरू, लैङ्गिक समानताका लागि महत्वपूर्ण कदम थिए।

नयाँ संविधान २०७२ आएको एक दशक हुन लागेको छ । यस संविधानले पनि लैंगिक समानताको लागि केही महत्वपूर्ण अनुबन्धहरू गरेको छ। तर पनि नेपालमा लैङ्गिक असमानता उत्कर्षमा छ । उदाहरणका लागि धनुषा जिल्लामा मात्र २.७ प्रतिशत महिलाको नाममा घर, ११.९ प्रतिशत महिलाको नाममा जग्गा छ। महिलामाथि हुने हिंसाको तथ्याङ्क विकराल छ । त्यसैले महिला आन्दोलन, समानताको आन्दोलन लामो छ। र, यो आन्दोलनमा तीज एउटा प्लेटफर्मको रुपमा स्थापित हुनसक्छ।

**लैङ्गिक समानताको सैद्धान्तिक पक्ष**

लैङ्गिक समानता भन्नाले पुरुष र नारीलाई अवसर, जिम्मेवारी, अधिकार, सेवा, लाभ, स्रोत–साधन आदिमा समान अवसर पहुँच र नियन्त्रण कायम राख्नु हो। समानताको अर्थ पुरुषले बच्चा जन्माउनुपर्छ भन्ने होइन, किनकि प्रकृतिले त्यो अधिकार महिलालाई मात्र दिएको छ । तर जन्मिएको बच्चाको लालनपालन भने महिला एक्लैको काम होइन । समानताको अर्थ अवसरमा समानता र अवसरको उपभोगमा समानता हो । पछि पारिएकाहरूलाई समानताको तहमा ल्याउन केही समय विशेषाधिकारसहित अघि बढ्न मद्दत गर्नु समानता हो।

अन्तर्राष्ट्रिय महासन्धिले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी सबैलाई आफ्नो सांस्कृतिक अभ्यासमा संलग्न हुन स्वतन्त्रता प्रदान गर्ने अधिकार सुनिश्चित गरेको छ । यसमा कला, धर्म र भाषासहितको सांस्कृतिक सम्पदामा पहुँच र सांस्कृतिक विकासमा योगदान गर्ने क्षमता पनि समावेश छ । त्यसैले याद राख्नुहोस्, तपाईंले यसलाई कुसंस्कार भन्दा अर्काको अधिकार हनन भईरहेको हुन्छ, जुन गर्न पाइँदैन।

**तीजको सांस्कृतिक महत्व**

संस्कृति भनेको मानव समाजको जीवनशैली, विश्वास, मूल्य, परम्परा, कला, साहित्य, भाषा, र सामाजिक व्यवहारहरूको समग्र संयोजन हो । यसले कुनै पनि समाजको पहिचान र विशिष्टता झल्काउँछ। सांस्कृतिक तत्वहरूमा संगीत, नृत्य, धर्म, रीतिथिति, खाना, कपडा, आदिका विभिन्न रूपहरू समावेश छन् । संस्कृति समयसँगै परिवर्तनशील हुन्छ । र, यसले समाजको ऐतिहासिक, भौगोलिक, र आर्थिक अवस्थाको प्रभाव झल्काउँछ। त्यसैले तीज नेपालको एउटा धार्मिक क्रियाकलाप मात्र होइन, यो एउटा संस्कृति हो । संस्कृति परिवर्तनशील हुन्छ। संस्कृतिको परिवर्तनमा विविध तत्वहरूको भूमिका हुन्छ । यसमा विश्वव्यापी प्रभाव, सूचना प्रविधिको पहुँच, समृद्धि र विकासका अन्य गतिविधिहरूको प्रभाव पनि पर्छ। त्यसैले हिजो गरिबी हुँदा, सूचनमा पहुँच नहुँदा तथा विश्वव्यापिकरणको प्रभाव कम हुँदा मनाइने तीज आज त्यस्तै हुनुपर्छ भन्ने जरुरत छैन।

**भविष्यको तीजः नारी स्वतन्त्रताको प्रतीक**

कस्तो हुनुपर्छ तीज ? पारम्परिक तीजलाई हेर्ने हो भने, यो सामन्ति र महिलामाथिको हिंसा प्रतीक हो। त्यसैले तीजमा केही आवश्यक छ भने यस्तो सामन्ति चरित्र र असमानता तथा विभेदजन्य विधानमा परिमार्जन आवश्यक छ । यसमा अश्लीलता र श्लीलताको मुद्दालाई हटाउनु आवश्यक छ।

अश्लीलताको सिद्धान्त पनि परिवर्तनशील छ। समयक्रममा हिजो अश्लील लाग्ने कुरा आज श्लील लाग्न सक्छ । २०–२२ वर्ष अघि महिलाले साइकल चलाउँदा अश्लील लाग्ने समाजमा आज साइकल, मोटरसाइकल सामान्य भइसकेको छ। त्यही २०–२२ वर्ष अघि महिलाले जिन्स लगाउँदा अश्लीलता देखिन्थ्यो भने अहिले सामान्य भइसकेको छ। यसैले अश्लीलताको कुनै निश्चित परिभाषा छैन । तीजमा महिलाले नाच्दा वा गाउँदा अश्लील देखिने कुरा भोलीका दिनमा सामान्य देखिनेछ। त्यसैले अबको तीज नारी स्वतन्त्रताको आन्दोलनको रुपमा हुनुपर्छ । युगौंदेखि मान्दै आएको तीजलाई पुरुष वर्चस्वको जयजयकार गर्ने दिन होइन, महिला अधिकार सुनिश्चित गर्ने दिन बनाउनुपर्छ। युग परिवर्तित गर्ने संवाहक युवा पिढीले परम्परागत रूपमा महान् पर्व भनेर मनाउँदै आएको तीजको नकारात्मक पक्षलाई परिवर्तन गर्नुपर्छ। यो पर्व पौराणिक वा धार्मिक पर्वका रुपमा सीमित नभएर नारी समानता, अधिकार र विद्रोहका स्वरहरू घनगाउने विशेष पर्व र दिनको रुपमा स्थापित हुनुपर्छ।

अब तीजमा महिला वेदना र हिंसाका गीत मात्र होइन, महिलाहरूका योगदान, आन्दोलन र उपलब्धिका गीतहरू गाउने गरी नयाँ समाजको निर्माण गर्नुपर्छ। तीज पर्वले दिने सांस्कृतिक सन्देश समानता, सद्भाव, सम्मान र सकारात्मक सोच हो । महिला–पुरुष समविकास र सद्भावका लागि तीज महत्वपूर्ण हुनसक्छ। त्यसैले, एकले अर्काको अस्तित्व स्वीकार गर्दै सहयात्रा गरौं अनि कायम गरौं नारी–पुरुष समानता। तर यसको मतलब यो कहिल्यै होइन कि स्वतन्त्रताको नाउँमा अराजकता हुनु। किनभने स्वतन्त्रता भनेको व्यक्तिले प्राप्त गरेको अधिकार र कर्तव्यको सुन्दर संयोजन हो।

(सन्दर्भः नेपाल प्रज्ञा प्रतिष्ठान, "सांस्कृतिक अध्ययनका सिद्धान्तहरू," काठमाडौंः नेपाल प्रज्ञा प्रतिष्ठान, २०५८।)

# हिजो र आजको हरितालिका तिज



शिव सुवेदी

हरेक वर्ष भाद्र शुक्ल द्वितीयादेखि पञ्चमीसम्म मनाइने हिन्दु नारीहरूको अत्यन्त महत्वपूर्ण र पवित्र एवं धार्मिक पर्व हो, हरितालिका तीज। किंवदन्ती अनुसार भगवान शिवलाई पतिको रूपमा प्राप्त गर्न हिमालयकी छोरी पार्वतीले कठोर तपस्या गरी वरदान पाएको दिन हो, हरितालिका तीज।

विवाहित महिलाले आफ्नो पतिको सुस्वास्थ्य र दीर्घायुको कामनासहित व्रत बस्ने र अविवाहित महिलाले सुयोग्य पति प्राप्त होस् भन्ने कामनासहित व्रत बसी पूजाआजा गरी मनाइने पवित्र पर्व हो, हरितालिका तीज। कुनै पनि चाडपर्वको आफ्नै विशेषता, मूल्यमान्यता र पहिचान हुन्छ । चाडपर्वको आफ्नो विशेषता, मूल्य र मान्यता अनुसार त्यसको संरक्षण गर्नु, जगेर्ना गर्नु र त्यसलाई निरन्तरता दिनु संस्कृति हो भने त्यसको मूल्य, मान्यता, आदर्श, पहिचान र विशेषताको प्रतिकुल हुने कार्यहरू गर्नु विकृति हो। अहिले यो पवित्र पर्व हरितालिका तीज विकृतिको शिकार बनेको छ। तीज वा कुनै पनि चाडपर्व



मनाउने विषयमा कसैको दुईमत हुन सक्दैन। यो सुखद् पक्ष हो । चाडपर्व, रीतिरिवाज, धर्मसंस्कृति त हाम्रा अमूल्य सम्पत्ति हुन् । यसको संरक्षण र सम्बद्र्धन गरिनुपर्दछ। तर यिनको मूल्य, मान्यता र पहिचानलाई भने कायम गर्नुपर्ने हुन्छ । धर्म संस्कृतिको सम्बद्र्धन र प्रबद्र्धन गर्नुपर्छ। केही हदसम्म समयक्रम अनुसार परिवर्तन पनि गर्नुपर्छ। तर पछिल्लो समय तीज भड्किलो भन्दै गएको छ । समयक्रमसँग नेपालमा तीज मनाउने चलन फेरिएको छ। सांस्कृतिक र पारिवारिक महत्व बोकेको तीज मनाउने क्रममा आएको परिवर्तनले तीजमा सस्तो र अभद्र माया प्रेमको विषयले ठाउँ पाएको छ । तीजका पुराना लोकभाका र सन्देश आधुनिकतासँगै हराएको छ। तीज आउनुभन्दा महिनौं अघिदेखि यसको साङ्गितिक माहोल तयार भइसकेको हुन्छ।

हिन्दु महिलाको महान पर्व तीज धार्मिक आस्था र सांस्कृतिक महत्वका साथ मनाइने भएपनि आधुनिकताका नाममा नचाहिँदो तडकभडक पार्टी प्यालेसदेखि पाँचतारे होटलसम्म दर खाने, ख्वाउने र बहुमूल्य वस्तुको प्रदर्शनी गर्ने होड चल्न थालेपछि तीज पर्वको वास्तविक मौलिकता हराउन थालेको छ। केही वर्षदेखि विभिन्न संघसंस्था,दलहरु र तिनका भातृ सङ्गठनको आयोजनामा सामुहिक रुपमा दरखाने अभियान चलिरहेको छ। कुनै पनि चाड पर्व आफ्नो हैसियत अनुसार मनाउनुपर्छ।

धार्मिक र सांस्कृतिक मौलिकतालाई चटक्कै बिर्सेर तीजलाई समयानुकूल परिस्कृत गर्ने नाममा तीज आउनु महिनौ अघिदेखि पार्टी प्यालेस र होटलमा महङ्गा गरगहना कपडा प्रदर्शनी गर्ने र टिकट बिक्री गर्ने प्रचलन बढेको छ। पार्टी प्यालेस, घर, टोल र सडक तीजमय देख्न पाइन्छ। दिदीबहिनीहरु महङ्गा पहिरन र गहनामा सजिएर दर खान हिंड्ने र डिस्कोमा जस्तै जथाभावी उफ्रिने प्रचलन हावी भएको छ। हिजोआज तीजमा गाइने मिठा सामाजिक सन्देश बोकेका र भाव भएका गीतहरु सुनिन छाडेका छन् । युवा युवतीहरु अमर्यादित पाराले नाचिरहेका दृश्यहरुले सामाजिक सञ्जालका भित्तामा महङ्गा गहना र महङ्गा भेषभुषालाई प्राथमिकता दिएर रङ्गिएका देखिन्छन्। आर्थिक हिसाबले पनि तीज झन खर्चिलो र भड्किलो फेसन भएको छ । अस्वस्थकर खानपान आदिले एकातर्फ सामाजिक जनजीवनमा नकारात्मक प्रभाव पार्छन् भने अर्कोतर्फ फजुल खर्च र उपभोग्य प्रवृत्तिको विकासलाई सहयोग पु¥याइरहेको छ।

तीज मनाउने क्रममा हुनेखाने महिलाहरुले हुँदाखाने महिलाहरुलाई पछाडि पारेका छन्। यस्ता विकृति र भड्किलो फेसनले कमजोर आर्थिक हैसियत भएका महिलाहरुले तीज मनाउन नसकिरहेको स्थिति छ । यस्ता विकृतिले हाम्रो संस्कार र संस्कृतिका मूल्य एवम् मान्यतालाई दिग्भ्रमित गर्ने र समग्र समाजलाई नै दुषित बनाउने हुनाले यस खालका विकृति र विसङ्गतिलाई हटाई हाम्रो संस्कार, संस्कृति, रीतिरिवाज र चाडपर्वलाई मौलिक एवम् स्वच्छ र स्वस्थ राख्न जरुरी छ। हामीले हाम्रा सन्ततिलाई दिने भनेकै हामीसँग भएको संस्कार, संस्कृति, रीतिरिवाज र चालचलन हो। अरु कुरा त मानिससँगै मेटिएर जाने हो । धार्मिक, सामाजिक, सांस्कृतिक तथा वैज्ञानिक महत्व,अर्थ र विशेषता भएका यस्ता पर्वहरूको मर्म, भावना र उद्देश्य अनुरूप सभ्य तथा सुसंस्कृत ढङ्गले चाडपर्वहरू मनाउनु र धर्म एवम् संस्कृतिको संरक्षण गर्नु हामी सबैको साझा कर्तव्य हो।

अहिलेको तीजमा पहिला पहिला आमा दिदिबहिनीहरुको पालामा तीजलाई महिलाहरुले आफनो विशिष्ट चाडका रुपमा मनाउँथे। आफना पिर, व्यथा, वेदना अनि सुख दुखलाई गीत संगीतका माध्यमबाट अभिव्यक्त गर्थे। तीजका गितहरुमा महिलाहरु एकत्रित भएर नाच्थे एकापसमा गाउँथे तर अहिले त्यस्ता गित सुन्न पाइँदैनन् । महिनौं दिन देखि तीजका नामा दर र दारु खाने परम्पराले संस्कृति जगेर्ना गर्न सक्दैन। अबको पुस्ताले तिजलाई नाच्ने र गाउने चाडको रुपमा मात्र नलिई परम्परा र संस्कृति धान्ने चाडका रुपमा लिनु उपयुक्त हुन्छ। केही वर्षदेखि संस्थागत रूपमा तीज कार्यक्रमको आयोजना गर्ने प्रचलन पनि बढिरहेको छ। पछिल्लो समयमा त लगभग प्रतिस्पर्धा जसरी कार्यक्रमहरूको आयोजना भैरहेको देखिन्छ। महिलासँग सम्बन्धित संघसंस्था मात्र होइन, राजनीतिक पार्टी, सरकारी÷गैरसरकारी संघसंस्था, उद्योगी, व्यापारी, कर्मचारी, वकिल, पत्रकारहरूका संघसंगठन, क्लब, समूह आदि सबैले तीजको कार्यक्रम आयोजना र भोजभतेर एवं नाचगान गर्ने गरेको देखिन्छ। आउने दिनमा कुनै पनि संस्था हरुले तिजको नाममा हुने भड्किलो कुरा रोक्न सकिएन भने आगामी पुस्ताले चाडपर्व मान्न छाड्नुका साथै तिज जस्ता पर्व बिस्तारै लोप भएर जाने छ।

के हामीले खोजेको संस्कृति यस्तै हो त ? अनि हरितालिका तीजको संस्कृति यही हो त ? अझ अचम्म र दुखद पक्ष त के छ भने कतिपय संघसंस्थाले नै तीज आउनु कहिले हो कहिले हो, पहिल्यै नै तीज कार्यक्रमहरूको आयोजना र भोजभतेर एवं नाचगान गर्ने गरेको देखिन्छ। यो झनै विकृतिको रूपमा मौलाएको छ। संस्कृतिको संरक्षण गर्नु हरेक व्यक्ति, समूह, संघ–संगठन, सरकार सबैको दायित्व हो। तर, संस्कृतिको नाममा विकृति भित्र्याउने छुट भने कसैलाई छैन। महिना दिन पहिल्यैदेखि तीजका नाममा भोजभतेर र नाचगान न त सांस्कृतिक÷धार्मिक रूपमा सही देखिन्छ न त साधन, स्रोत, समय र औचित्यका हिसाबमा सही। 'धेरै खायो भने चिनी पनि तीतो हुन्छ' भन्ने त आहानै छ नि। पर्वको मर्म बुझेर त्यसको उपभोग र प्रचलन गर्नु राम्रो हो। तर पर्वलाई नै गिज्याउने गरी, त्यसको मर्म विपरित कार्य गर्नु÷गराउनुलाई भने शोभनीय मान्न सकिंदैन। तीजमा आएको यस प्रकारको विकृतिले हरितालिका तीज पर्वको मर्म माथि गम्भीर आघात पु¥याएको छ भने नयाँ पुस्तामाझ तीज पर्वको गलत सन्देश प्रवाह भइरहेको छ। व्रत र पूजाको स्थान भोजभतेरले लिएको छ। शृंगारको नाममा गरगहना र वस्त्रको प्रदर्शन, गीतको नाममा उच्छृङ्खलता र नाचको नाममा अंग प्रदर्शन एवं अश्लीलताको प्रदर्शन बढिरहेको छ। त्यसैगरी आजभोलिका कतिपय तीज गीत र नाचगान त घरपरिवारमा बसेर हेर्न र सुन्न सकिने खालका पनि छैनन्। तर आजभोलि यतिमै मात्र सीमित रहेन, हरितालिका तीजको परिभाषा लगभग बदलिएको छ। माइतीको आँगनमा बाबुआमा, दाजुभाइ र दिदीबहिनी जम्मा भएर मनाइने हरितालिका तीज अहिले होटल र पार्टी प्यालेसमा पुगेको छ। सर्वसाधारण परिवारमा पर्ने आर्थिक भार र मानसिक असरलाई ध्यानमा राखेर चार्डपर्व भडकिलो र खर्चिलो नगरीकन मनाऔं। सम्पुर्ण दिदी बहिनी हरुमा हरितालिका तीजको शुभकामना

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दभिर्कताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# ‘राष्ट्रिय सङ्कट अन्त्य गर्न ठूला दलबीच समीकरण’



**कर्णाली ।**
नेकपा कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले मुलुकमा विद्यमान राष्ट्रिय सङ्कट खन्त्य गर्न दुई ठूला दलबीच गठबन्धन भएको बताएका छन् ।
नेकपा एमाले कर्णाली प्रदेश समितिको सचिवालय बैठकमा सहभागी हुन आएका महासचिव पोखेरलले विहीबार सुर्खेत विमानस्थलमा पत्रकारसँग कुरा गर्दै नेपाली काङ्ग्रेस र एमालेबीचको समीकरणको उद्देश्य मुलुकलाई सङ्कटबाट बचाउनु रहेको उल्लेख गरे ।
‘समीकरणको मूल उद्देश्य मुलुकको लोकतन्त्रलाई सही दिशामा लैजाने, अहिलेसम्मका संवैधानिक कानुनी अभ्यासको समीक्षा गर्ने र संविधानको आवश्यक सुधार गरी मुलुकलाई स्थायित्व प्रदान गर्ने सङ्कल्प हो’, उनले भने ।
महासचिव पोखरेलले यो सरकार बनेपछि अर्थतन्त्र चलायमान हुन थालेको भन्दै युवाहरुलाई स्वदेशमा रोजगारीका अवसर सिर्जना गर्न ‘स्टार्टअप’ परियोजना सुरु गरी बिना धितो कर्जा लिने व्यवस्था गरिएको जानकारी दिए ।
उनले युवालाई देशभित्र बस्ने र आशा जगाउने गरी पैरवी गर्न यस क्षेत्रमा कलम चलाउन पत्रकार तथा सञ्चारकर्मीहरुलाई आग्रह गरे । एमालेलाई राष्ट्रिय निर्णायक शक्तिका रुपमा निर्माण गर्ने अभियानलाई पूरा गर्न १८ कार्ययोजना बनाएर अगाडि बढाइएको महासचिव पोखरेलले जानकारी दिए । काङ्ग्रेस–एमाले दुवै दल आगामी निर्वाचनमा एक्लाएक्लै लड्ने उनले बताए ।
सत्ताबाट बाहिरिएपछि नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष एवं संसद्को प्रमुख प्रतिपक्ष दलका नेता पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले सकारात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिँदै महासचिव पोखरेलले अध्यक्ष प्रचण्डलाई जिम्मेवार प्रतिपक्षको भूमिका निर्वाह गर्न आग्रह गरे ।
समानुपातिक समावेशीतालाई सुरक्षित राखेर मुलुकलाई स्थायित्व दिन संविधानको आवश्यक संशोधन गर्न खोजिएको भन्दै त्यसमा सबैलाई साथमा लिएर अगाडि बढ्ने उनले उल्लेख गरे । रासस

# सबै मिले सरुवा तथा महामारीजन्य रोग नियन्त्रणः स्वास्थ्य मन्त्री



**काठमाडौँ ।**
स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले सरुवा तथा महामारीजन्य रोग नियन्त्रण गर्न सबै मिलेर अघि बढ्नुपर्ने बताएका छन् ।
प्रतिनिधिसभा अन्तर्गतका शिक्षो, स्वास्थ्य तथा सूचना प्रविधि समितिको विहीबार बसेको बैठकमा मन्त्री पौडेलले भने, ‘सरुवा तथा महामारीजन्य रोगमा सावधानी अपनाउनुपर्ने अहिलेको चुनौती छ । डेङ्गु ७५ जिल्लामा फैलिसकेको अवस्था छ । नियन्त्रण गर्न सबै मिलेर अघि बढ्नुपर्छ ।’
समितिमा स्वास्थ्य र जनसङ्ख्या व्यवस्थापन सम्बन्धी विद्यमान अवस्था र मन्त्रालयबाट भए गरेका काम कारवाही, समस्या तथा चुनौती र भावी कार्यदिशाका सम्बन्धमा बैठकमा छलफल भएको थियो । उनले अस्पताल सेवा दुई सिफ्टलाई प्रभावकारी रुपमा लैजाने काम भइरहेको र साधनस्रोत भएको खण्डमा तीन सिफ्ट सञ्चालन गर्न सकिने बताए ।
मन्त्री पौडेलले भने,‘स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी बन्न नसक्नुमा अस्पतालले समयमा भुक्तानी दिन नसक्नु हो । त्यसबाहेक अरु पनि समस्या छन् । यसमा पनि व्यवस्थित बनाउनुपर्नेछ ।’
त्यस अवसरमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव रोशन पोखरेलले महामारी नियन्त्रण गर्न बहुक्षेत्रीय समन्वय आवश्यक रहेको बताए । समितिका सांसदहरुले अस्पतालका फार्मेसीमा औषधि नपाइने, अस्पतालभित्रको फोहर व्यवस्थापन नभएको, स्वास्थ्य बीमाको व्यवस्था झण्झटिलो भएको, पोषण परिपूरक जथाभावी बिक्री वितरण भएको, स्वास्थ्यकर्मीलाई प्रोत्साहन गर्नुपर्ने, बजेटको राम्रो व्यवस्थापन हुनुपर्नेलगायत बारेमा ध्यानाकर्षण गराएका छन् । रासस

# सङ्घीय निजामती विधेयक यथाशीघ्र पारित गर्नुपर्ने सुझाव

**काठमाडौँ ।**
सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विहीबारदेखि सैद्धान्तिक छलफल सुरु भएको छ । राज्य व्यवस्था तथा सुशासन समितिमा विहीबार भएको छलफलमा उक्त विधेयक यथाशीघ्र पारित गर्नुपर्नेमा जोड दिइएको हो ।
छलफलमा सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले महत्वपूर्ण विधेयकलाई प्रथामिकतामा राखेर अगाडि बढाउनुपर्नेमा जोड दिए । ‘कर्मचारीतन्त्रलाई थप व्यवस्थित गर्न यो विधेयक छिटो पारित गर्न आवश्यक छ’, उनले भने ।
समितिका सभापति रामहरि खतिवडाले कुनै पनि राजनीतिक दलको झल्को नदिइकन सबैको एकतामा विधेयक बनाउने प्रतिबद्धता जनाए । बैठकमा सांसद दुर्गा राईले राज्य सञ्चालनको मुख्य जिम्मेवारी निजामती कर्मचारीको हातमा रहेको भन्दै समयमा विधेयक संशोधन हुन आवश्यक रहेकामा जोड दिए ।
सांसद मेनुकाकुमारी पोखरेलले कर्मचारीमा देखिएका असमझदारीको बीचमा पनि छलफल गरेर ऐन संशोधन गर्न आवश्यक रहेकामा जोड दिइन् । सांसद प्रकाश अधिकारीले निजामती कर्मचारीमा देखिएका समस्याका कारण कर्मचारीतन्त्र धेरै अस्तव्यस्त भएको भन्दै यसलाई सुधार गर्न आवश्यक रहेको बताए ।
सांसद चित्रबहादुर केसीले राम्रो काम गर्ने कर्मचारीलाई प्रोत्साहन र गलत गर्नेलाई दण्डित गर्नुपर्नेमा जोड दिए । ‘कार्यान्वयन गर्न नसक्ने सङ्घीय व्यवस्था केका लागि ? तल्लो तहलाई अधिकार प्रत्योजन गर्न किन सकिएको छैन ?’, उनले प्रश्न गरे ।
सांसद बुद्धिमान तामाङले कर्मचारीतन्त्रमा राजनीतिकरण बन्द गर्नुपर्नेमा जोड दिए । उनले कर्मचारीतन्त्रलाई बलियो बनाउन राजनीतिकरण अन्त्य गरी समन्वय र सहकार्यको वातावरण बनाउनुपर्ने बताए ।
सांसद अशोक राईले कर्मचारीमा वैचारिक आस्था रहे पनि दलको भातृ सङ्गठनको रुपमा जाने विषयलाई रोक्नुपर्नेमा जोड दिए । सांसद हृदयराम थानीले ऐन बनाएर मात्रै होइन कार्यन्वयनको पक्ष पनि बलियो हुनुपर्ने बताए ।
सांसद कृष्णगोपाल श्रेष्ठले सङ्घीय शासन व्यवस्थालाई बलियो बनाएर अगाडि बढ्नुपर्नेमा जोड दिए । उनले परिस्थिति अनुकूल सुहाउने कर्मचारीतन्त्र आवश्यक रहेको भन्दै विधेयक संशोधन गर्न आवश्यक रहेको बताए ।
मुख्य सचिव एकनारायण अर्यालले विधेयक ल्याउनका लागि ढिला भइसकेको भन्दै छिटो विधेयक पारित हुने विश्वास व्यक्त गरे । उनले सहकार्य, समझदारी र सहकारितामा आधारित भएर अगाडि बढ्नुपर्नेमा जोड दिए । प्रशासनिक सेवालाई प्रभावकारी तथा नागरिकमैत्री बनाउन जनताले परिकल्पना गरेको कर्मचारीतन्त्र लागू गर्न विधायिकाले काम गर्नुपर्ने मुख्य सचिव अर्यालको भनाइ छ । ‘सेवाग्राहीमैत्री निजामती सेवा बनाउनुपर्ने आवश्यकता छ । कानुन निर्माण भए पनि कार्यान्वयनमा समस्या छ’, उनले भने । समस्या समाधानतर्फ सबै एकजुट भएर लाग्नुपर्नेमा उनले जोड दिए । रासस

# ‘लैङ्गिक समानताका लागि कानुनी व्यवस्था मात्र पर्याप्त नहुने’

**काठमाडौँ ।**
उपप्रधान एवम् सहरी विकासमन्त्री प्रकाशमान सिंहले समानताका लागि कानुनी व्यवस्था मात्र पर्याप्त नहुने बताएका छन् । लैङ्गिक समावेशीकरणसम्बन्धी यहाँ आयोजित तीन दिने अन्तर्राष्ट्रिय सम्मेलन समापन समारोहलाई विहीबार सम्बोधन गर्दै उपप्रधानमन्त्री सिंहले लैङ्गिक समानताका लागि हरेक व्यक्तिले आफ्नो व्यवहार परिवर्तन गर्नुपर्ने बताए ।
‘लैङ्गिक समानताका लागि कानुनी व्यवस्था मात्र पर्याप्त हुँदैन । हरेक व्यक्तिले आफ्नो व्यवहार परिवर्तन गरी महिला सशक्तीकरण तथा लैङ्गिक मूलप्रवाहीकरणको काम गर्नुपर्ने हुँदा यस्तो अन्तर्राष्ट्रिय सम्मेलनले व्यवहारमा परिवर्तन ल्याउन भूमिका खेल्नेछ भन्ने मैले विश्वास लिएको छु’ उनले भने,‘सम्मेलनबाट लैङ्गिक रुपमा समावेशीकरणका लागि सम्बन्धित देशका मानव अधिकार संस्थामा रहेका प्रणालीगत बाधा पहिचान गरी त्यसलाई सम्बोधन गर्ने लक्ष्य पूरा भएको भन्ने मलाई लागेको छ ।’
नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा १८ ले समानताको हकको प्रत्याभूति गरेको भन्दै उनले संविधानले लिङ्ग, जाति, भाषा र अन्य कारणबाट कसैलाई विभेद् गर्न नपाइने सुनिश्चितता गरेको उल्लेख गरे ।
नेपालमा महिला, पिछडिएका वर्ग, सीमान्तकृत समुदायको सरकारमा प्रतिनिधित्व सुनिश्चित गर्न कानुनमा उल्लेख गरिएको र प्रतिनिधिसभामा महिलाको सहभागिता कम्तीमा ३३ प्रतिशत हुनुपर्ने कानुनी व्यवस्था अन्तर्राष्ट्रिय क्षेत्रमै उदाहरणीय भएको उपप्रधानमन्त्री सिंहको भनाइ छ । लैङ्गिक समानता कायम गर्न नेपालमा विद्यमान पितृसतात्मक समाजमा भएका हानिकारक अभ्यासलाई न्यूनीकरण गर्दै सामाजिक तथा सांस्कृतिक रुपमा राम्रा अभ्यासलाई निरन्तरता दिन आवश्यक छ,’ उनले भने, ‘लैङ्गिक समावेशीकरणको विषय अक्षरशः व्यवहारमा लागू गर्न मानव अधिकारकर्मी, नागरिक समाज र पत्रकारले निरन्तर वकालत गर्दै र सरकारलाई झक्झक्याउन आवश्यक छ ।’
राष्ट्रिय मानव अधिकार आयोगले आयोजना गरेको ‘राष्ट्रिय मानव अधिकार संस्थामा लैङ्गिक समावेशीकरण’सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा नेपाललगायत एशिया प्रशान्त क्षेत्रका १९ देशका मानव अधिकार संस्थाका प्रतिनिधि तथा नेपालका नागरिक समाजका प्रतिनिधिको सहभागिता रहेको थियो । रासस

# आयोजनाको समस्या समाधानका लागि ऊर्जामन्त्रीको यस्तो निर्देशन !

*‘विद्युत् उत्पादन गर्ने समय एकदिन मात्र ढिला हुँदा पनि राज्यले करोडौँको घाटा बेहोर्नुपर्छ, आयोजना र सिङ्गो मुलुकमा यसको प्रभाव पर्ने भएकाले समयमै सम्पन्न हुनेगरी स–साना समस्यालाई समाधान गर्दै लाग्नुपर्छ ।’*




**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले अरुण तेस्रो जलविद्युत् आयोजनाको प्रसारणलाइन विस्तारमा देखिएका समस्या समाधान गर्न निर्देशन दिएका छन् ।
अरुण तेस्रो जलविद्युत् आयोजना, लगानी बोर्ड र पाँच जिल्लाका प्रमुख जिल्ला अधिकारीसँगको ‘भर्चुअल बैठक’ मा मन्त्री खड्काले समस्या समाधानमा केन्द्रित हुन सबैलाई निर्देशन दिए । ‘विद्युत् उत्पादन गर्ने समय एकदिन मात्र ढिला हुँदा पनि राज्यले करोडौँको घाटा बेहोर्नुपर्छ, आयोजना र सिङ्गो मुलुकमा यसको प्रभाव पर्ने भएकाले समयमै सम्पन्न हुनेगरी स–साना समस्यालाई समाधान गर्दै लाग्नुपर्छ’, उनले भने । ऊर्जामन्त्री खड्काले सन् २०३५ सम्म नेपालमा २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य सरकारले लिएकाले उक्त लक्ष्य पूरा गर्न आयोजना, प्रमुख जिल्ला अधिकारी र लगानी बोर्डको योगदान महत्वपूर्ण रहेको उल्लेख गरे । उनले स्थानीय जनप्रतिनिधि, निर्माण कम्पनीसँग सहकार्य गरेर समस्याको समाधान गर्नुपर्नेमा जोड दिए । ‘आयोजनालाई अगाडि बढाउन काहाँकाहाँ अवरोध छन्, त्यससँग सम्बन्धित व्यक्ति कोको हुन्, त्यसको पहिचान गरेर प्रमुख जिल्ला अधिकारीले समाधान गर्न लाग्नुहुनेछ भन्ने विश्वास लिएको छु’, मन्त्री खड्काले भने । स्थानीयस्तरमा देखिएका समस्या समाधान गर्न स्थानीय सरकारले समेत सहयोग गर्नुपर्ने उनको भनाइ छ ।
ऊर्जामन्त्री खड्काले अरुण तेस्रो जलविद्युत् आयोजनालाई अगाडि बढाउने कुरामा प्रधानमन्त्रीको समेत चासो र चिन्ता रहेकाले यसलाई समयमा सम्पन्न गर्नुपर्ने उल्लेख गरे । उनले ऊर्जा क्षेत्रको समग्र विकासका लागि निजी क्षेत्रलाई साथमा लिएर अगाडि बढ्नुपर्ने बताए ।
ऊर्जा मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले आयोजना निर्माणका क्रममा देखिएका समस्या समाधान गर्न मन्त्रालयले आवश्यक समन्वय र सहयोग गर्ने बताए । उनले आयोजनागत रुपमा ऐलानी जग्गा प्राप्तिसम्बन्धी प्रस्ताव मन्त्रिपरिषद्मा पेस गरिएको बताउँदै अरुण तेस्रोको लगानी बोर्डमार्फत आयोजना विकास सम्झौता भएकाले बोर्डमार्फत नै मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्नुपर्ने उल्लेख गरे ।
बैठकमा मन्त्रालयका वरिष्ठ ऊर्जा विज्ञ प्रवल अधिकारी, सङ्खुवासभाका प्रमुख जिल्ला अधिकारी धुरवबहादुर खड्का, धनुषाका प्रमुख जिल्ला अधिकारी रामुराज कडरिया, खोटाङका प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्की, भोजपुरका प्रमुख जिल्ला अधिकारी नरबहादुर थापा, उदयपुरका प्रमुख जिल्ला अधिकारी हरिप्रसाद घिमिरे, अरुण तेस्रो आयोजनाका प्रमुख कार्यकारी अधिकृतलगायतले प्रसारणलाइन विस्तारका क्रममा देखिएका समस्याका बारेमा मन्त्रीलाई जानकारी गराएका थिए । रासस



**प्रतिष्ठान कि गौचरणः** सप्तरीको राजविराज नगरपालिका–१० बिरौलस्थित रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको जग्गामा चर्दै गरेका पशु चौपाया । अस्पताल भवन निर्माण गर्न विगत छ वर्षदेखिको प्रयास जारी तर गौचरणमा सीमित छ । तस्बिर: अरुणकुमार यादव

# कर्णालीमा हुने दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी तीव्र



**सुर्खेत ।**
पहिलो पटक कर्णाली प्रदेशमा हुन लागेको दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी तीव्र पारिएको छ । यहाँ भौतिक संरचना निर्माण धमाधम चलिरहेको छ । प्रतियोगितालाई समग्र कर्णालीको प्रतिष्ठाका रुपमा हेरिएको छ ।

तोकिएकै मितिमा प्रतियोगिता सञ्चालनका लागि भौतिक संरचना करिब तयारी अवस्थामा रहेको बताइएको छ । तर प्रतियोगिताको मिति जति नजिकिँदै छ, त्यति नै प्रतियोगिता तोकिएकै मितिमा हुने नहुनेमा अन्यौलता छाएको छ । दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता आउन अब करिब साढे दुई महिनामात्र बाँकी छ । प्रतियोगिताको मिति नजिकिँदै गर्दा सरकार परिवर्तन भएसँगै प्रतियोगिता केही समय पछाडि धकेलिने चिन्ता व्यक्त गरिएको छ ।

केही दिनअघि दशौँ राष्ट्रिय खेलकुदसम्बन्धी छलफल गर्न सुर्खेत आउनुभएका खेलकुदमन्त्री तेजुलाल चौधरीले तोकिएकै मितिमा प्रतियोगिता आयोजना गर्नलाई तयारी नपुग भएको बताएपछि निर्धारित मितिमा प्रतियोगिता नहुने सङ्केत देखिएको हो ।

मङ्सिर २ देखि ९ गतेसम्म आयोजना गर्ने भनिएको प्रतियोगिताको लोगो, मस्कट र गीत सार्वजनिक भइसकेको छ भने प्रदेश खेलकुद विकास परिषद्ले एक सय दिनको काउन्टडाउन पनि सुरु भएको बताएको छ । कार्यक्रममा मुख्यमन्त्री यामलाल कँडेलले सबै तयारी पुगेपछि मात्रै दिनगन्ती गर्न सुरु गर्नुपर्ने बताएका थिए ।

कर्णाली खेलकुद परिषद्का सदस्य सचिव विश्वमित्र सञ्ज्यालले भने प्रतियोगिता पूर्वाधारले सार्नुपर्ने अवस्था नरहेको बताउँछन् । 'दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको मुख्य आयोजनास्थल प्रदेश रङ्गशाला हो, रङ्गशालाको काम ९० प्रतिशत सम्पन्न भइसकेको छ', उनले भने, 'बाँकी असोजभित्रमा सम्पन्न भइसक्छ, त्यसैले पूर्वाधारका कारण प्रतियोगिता सार्नुपर्ने अवस्था छैन ।

प्रतियोगिताका लागि २४ खेल खेलाइने पूर्वाधार करिब पूरा भएको छ, तोकिएकै मितिमा प्रतियोगिता सम्पन्न गर्न सकिन्छ ।' आफू अनुकूलका पदाधिकारी नियुक्तिपछि मात्रै प्रतियोगिता गर्ने रणनीति बनाएको जनाउँदै सरोकारवालाले तोकिएकै समयमा प्रतियोगिता गर्न माग गरेका छन् ।

दशौँ राष्ट्रिय खेलुकद प्रतियोगिताअन्तर्गत कर्णालीमा खेलाउन सकिने खेलको वर्गीकरण गरेर १० वटै जिल्लामा सञ्चालन गर्ने तयारी भइरहेको छ । प्रतियोगिता तोकिएकै मितिमा हुने वा नहुने भन्ने प्रष्ट नहुँदा खेलाडी पनि अन्यौलमा परेको कराँते प्रशिक्षक प्रदीप राई बताउँछन् । 'प्रदेश सरकार त तयारी अवस्थामा भएको जस्तो देखिन्छ, तर सङ्घीय सरकारले भने प्रतियोगिता तोकिएकै मितिमा हुने नहुने भन्ने प्रष्ट पार्न नसकेको जस्तो देखियो', उनी भन्छन्,'प्रतियोगिता तोकिएकै मितिमा हुनुपर्छ खेलाडी अनि हामी प्रशिक्षक पनि त्यही अनुसार लागिरहेका छौँ ।'

प्रतियोगिताको लागि खेलाडीहरुले अहिले तयारी गरिरहेका छन् । तोक्कान्दो खेलाडी नरेन्द्र रावत बन्द प्रशिक्षकमा बसेको दुई महिना भइसकेको बताउँछन् । अहिले तयारी गरिरहेको बताउँदै उनले प्रतियोगिता सहभागी हुने खेलाडीलाई अन्यौलता सिर्जना नगर्न सुझाव दिन्छन् । 'हामी अहिले तयारीका लागि बन्द प्रशिक्षणमा छौँ, खेलाडीको पीरमर्का पनि सरकारले बुझ्न सकेको छैन, प्रतियोगिता तोकिएकै समयमा हुनेमा शङ्का उत्पन्न भएको छ ।' अर्का खेलाडी दिप्ती नेपाली पनि प्रतियोगिता समयमै हुनुपर्ने बताउँछन् ।

आफूहरुलाई विभिन्न कोचसँगै 'मोटिभेसनल' तालिम आवश्यक रहेको उनको माग छ । राष्ट्रिय खेलकुद प्रतियोगिता समयमै हुनुपर्ने जनाउँदै कर्णाली प्रदेशसभामा सदस्यले माग गरेका छन् ।

खेलकुद परिषद्का सदस्य तथा पदाधिकारीको पदावधि नसकिँदै प्रतियोगिताको समय आएपछि यसअघि पनि प्रतियोगिता सार्ने गरिएको दृष्टान्त छ । अहिले कर्णाली प्रदेशसभामा दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता समयमा नै हुनुपर्ने सांसदहरुले माग गरेका छन् । प्रदेशसभा सदस्य, कृष्णबहादुर जिसीले प्रतियोगिता नजिकिँदै गर्दा आयोजक सङ्घीय सरकार सुतेर बसेको भन्दै अब उठ्न आग्रह गरे । उनले भने, 'प्रदेश सरकारले एक सय दिने 'काउन्डाउन' सुरु गरिसक्यो, आयोजक सङ्घीय सरकार सुतेर बसेको छ, यसले गर्दा प्रतियोगिता समयमै सम्मपन्न हुन्न कि भन्ने आशङ्का जन्माएको छ, म सङ्घीय सरकारको ध्यानाकर्षण गराउन चाहान्छु भने प्रदेश सरकारलाई पनि आवश्यक समन्वय गर्न अनुरोध गर्दछु ।' रासस

# 'अर्थतन्त्रलाई गतिशील बनाउन सरकार प्रतिबद्ध छ'



**काठमाडौं ।**
गृहमन्त्री रमेश लेखकले शिथिल अवस्थामा रहेको अर्थतन्त्रलाई गतिशील बनाउन सरकार प्रतिबद्ध रहेको बताएका छन् । विहीबार शुक्लाफाँटा नगरपालिका –१० झलारीमा नेपाली काङ्ग्रेस निर्वाचन क्षेत्र नं २ क्षेत्रीय कार्यसमितिले आयोजना गरेको कार्यकर्ता भेटघाटमा बोल्दै उनले मुलुकको अर्थतन्त्र बलियो बनाउनका लागि नेपाली काङ्ग्रेस र नेकपा (एमाले) बिच समिकरण बनाइ स्थीर सरकार गठन भएको बताएका हुन् ।

'सरकार अस्थीर हुँदा नयाँ समिकरण बन्ने भत्किने अवस्था थियो', उनले भने,'सेवाप्रवाह ठिक ढङ्गले हुन सकेन, विकास निर्माणसँगै सुशासन अगाडि बढ्न पाएका थिएनन् ।' सात बुँदे सहमतिको जगमा बनेको सरकारले देशमा भ्रष्टाचार नियमन गरी सुशासनको प्रत्याभूति दिने र दीगो शान्ति सुरक्षा प्रदान गर्न कटिबद्ध भएर अगाडि बढ्ने उनको भनाइ छ । संविधानको कार्यान्वयन ठिक ढङ्गले गर्न आगामी निर्वाचनसम्म सत्ता समिकरण रहिरहने उनले बताए । १८ वर्षदेखि थाती रहेको सङ्क्रमणकालीन न्यायको काम नयाँ गठबन्धनको स्थिर सरकार बनेपछि टुङ्गोमा पुगेको उनले उल्लेख गरे । जसले गर्दा सरकारप्रति जनतामा विश्वास बढेको उनको भनाइ छ ।

कञ्चनपुरलाई भारत, नेपाल, चीनबिचको त्रिदेशीय नाकाको रुपमा विकसित गरिने गृहमन्त्री लेखकले बताए । दोधारा चाँदनीमा सुख्खा बन्दरगाह निर्माणसँगै महाकाली करिडोर निर्माणलाई तीव्ररुपमा अगाडि बढाइने उनले उल्लेख गरे ।

त्रिदेशीय नाका बनाएर यहाँ उत्पादित वस्तुलाई निर्यात गर्न दैजी छेला औद्योगीक क्षेत्रमा उद्योग स्थापना गरिने उनले जानकारी दिए । भूमिसम्बन्धी आयोग गठनको कार्य अन्तिम चरणमा रहेको उनले बताए ।

सीमा क्षेत्रमा हुने आपराधिक क्रियाकलाप नियन्त्रण गर्न योजनाबद्ध रुपमा अगाडि बढेको उनको भनाइ छ । लागुऔषधको समस्या चुनौतीका रुपमा रहेकाले उनले भारतीय विदेश सचिवसँगको भेटमा सीमापार क्षेत्रबाट हुने लागुऔषध ओसारपसार रोक्न जोडदार रुपमा मुद्दा उठाएको बताए ।

भारतीय विदेश सचिवले दुवै क्षेत्रमा लागुऔषध रोकथामका लागि कडाइ गर्ने प्रतिबद्धता जनाएको उनले जानकारी दिए ।

वर्षौंदेखि थाती रहेको निकुञ्ज विस्थापित परिवारको पुनः स्थापना अगाडि बढाउने प्रतिबद्धता जनाए । यसैक्रममा गृहमन्त्री लेखकलाई निकुञ्ज विस्थापित, बाढी प्रभावित क्षेत्रका बासिन्दाले ज्ञापनपत्र बुझाएका थिए । रासस

# नेप्से परिसूचक ओरालो यात्रामा

**काठमाडौँ ।**
धितेपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक विहीबार ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक विहीबार १२ दशमलव १० अङ्कले ओरालो लागेर दुई हजार सात सय २७ दशमलव ३६ मा सिमित भएको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ३५ अङ्कले ओरालो लागेर चार सय ८६ दशमलव ३६ मा सिमित भएको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये ११ उपसमूहको शेयर मूल्य ओरालो लाग्दा दुई उपसमूहको शेयर मूल्य भने उकालो लागेको छ ।

कूल दुई करोड एक लाख ५३ हजार नौ सय ९३ कित्ता शेयर नौ अर्ब ६५ करोड १५ लाख १३ हजार दुई सय ४६ रुपैयाँ मूल्यमा कारोबार भएको छ । नेप्सेका अनुसार आत्मनिर्भर लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । यूनिक नेपाल लघुवित्त नौ दशमलव १४, नेष्डो समृद्धि लघुवित्त आठ दशमलव ४३, अप्र हेवाखोला हाइड्रोपावर सात दशमलव ९२ र गुडविल फाइनान्सका लगानीकर्ताले सात दशमलव ८३ प्रतिशतले कमाएका छन् । यस्तै, नेपाल फाइनान्स आठ दशमलव ९१, विन्दवासिनी हाइड्रोपावर पाँच दशमलव ७७, एनआरएन इन्फास्ट्रक्चर पाँच दशमलव शुन्य तीन, न्यादी हाइड्रोपावर चार दशमलव ८९ र मन्दाकिनी हाइड्रोपावरका लगानीकर्ताले चार दशमलव ८२ प्रतिशतले गुमाएका छन् । रासस

# हत्या गरिएकी चिकित्सकका लागि भारतीयद्वारा न्याय माग्दै मैनबत्ती जुलुस



**कोलकाता ।**
चिकित्सकको बलात्कार र हत्या भएको करिब एक महिनापछि न्यायको माग गर्दै भारतीयहरूको विशाल भीडले मैनबत्ती लिएर बिहीबार कोलकाताका सडकहरूमा जुलुस निकालेको छ ।

अगस्ट ९ मा कोलकाताको एक सरकारी अस्पतालमा ३१ वर्षीया चिकित्सकको रगतले लतपतिएको शव फेला परेपछि महिलाविरुद्ध हिंसाको दीर्घकालीन समस्यालाई लिएर मुलुकभर आक्रोश बढेको छ ।

चम्किरहेको मैनबत्ती र माटोको दियोमा लेखिएको एक सन्देशमा भनिएको छ, 'हामी न्याय चाहन्छौँ' । प्रदर्शनकारीहरूले बोकेका प्रतीकमा लेखिएको थियो, 'उज्यालो होस्, न्याय होस्' । उक्त नृशंस हत्याले सम्पूर्ण भारतमा विरोध प्रदर्शन सुरु भयो र महिलाहरूको सुरक्षा अवस्थाको माग गर्दै चिकित्सकहरूले बारम्बार हड्ताल गरिरहेका छन् । बाँकी भारतमा धेरै विरोध प्रदर्शन र हडताल शान्त भए पनि कोलकाता जस्तो विशाल सहरमा नियमित प्रदर्शनहरू जारी छन् ।

कोलकोताको जुलुसमा करिब एक लाख मानिसले भाग लिएको प्रहरीले बताएको छ । राजधानी नयाँदिल्लीमा पनि यस्तै सानो जुलुस आयोजना गरिएको थियो । प्रदर्शनकारी रुबिना मुखर्जीले भने,'सम्पूर्ण मुलुकको हृदय छियाछिया भएको छ ।'

साँझ अबेरसम्म हडतालमा रहेका सयौँ चिकित्सकसँगै हजारौँ मानिस भेला भएर विरोधमा मानव शृङ्खला बनाउन एकअर्काको हात समाइरहेका थिए । एक घन्टाका लागि बत्ती निभाइयो । सहरको एउटा ठूलो हिस्सा अँध्यारो भयो । प्रदर्शनकारीहरूले बलिरहेको मशाल बोकेर सहरको अँध्यारो आकाशलाई उज्यालो बनाइरहेका थिए । 'न्याय नमिलेसम्म हामी बारम्बार रात बिताउनेछौँ', ३५ वर्षीया गृहिणी स्मिता रायले भने । महिलाहरूले भारतीय झन्डा फहराउँदै सामूहिक धर्ना दिएर सडक अवरुद्ध गरेकाले कोलकाताका सामान्यतया व्यस्त हुने मुख्य सडकहरूमा यातायात रोकिएको थियो । कहिलेकाहीँ भीडले क्रोधमा चिच्याउँदै 'वि वान्ट जस्टिस' भन्ने नारा लगाउँथे । तर मैनबत्तीहरू जलाउन सुरु गरेपछि त्यो नारा विस्तारै नरम गीत गाउनुअघि शान्त प्रतिबिम्बमा रोकिए ।

हत्या गरिएकी चिकित्सकका पिताले पनि शव फेला परेको अस्पतालबाहिरको जुलुसमा कुराकानी गरे । उनले छोरीको हत्यापछि आफ्नो परिवारको 'छियाछिया भएको हृदय' र हत्याले कसरी 'मानसिक रूपमा स्तब्ध बनायो' भन्ने बताए । प्रदर्शनकारीहरूले हत्या गरिएकी चिकित्सकलाई 'अभया' उपनाम दिएका छन् । यसको अर्थ निडर हो । हत्याको आरोपमा एक व्यक्तिलाई हिरासतमा लिइएको छ तर अनुसन्धानको तरिकालाई लिएर पश्चिम बङ्गाल सरकारले सार्वजनिक आलोचनाको सामना गर्नुपरेको छ ।

आफ्नो परिवारमाथि छोरीको शवलाई चाँडोभन्दा चाँडो अन्त्येष्टि गर्न 'धेरै दबाब' दिइएको भन्दै पिताले आक्रोश व्यक्त गरे । 'हामी उनको शव राख्न चाहन्थ्यौँ, उनको अन्त्येष्टि गर्न के हतार थियो ? उनको मृत्यु रहस्यले ढाकिएको छ', उनले भने । बलात्कारीलाई मृत्युदण्ड दिनसक्ने मङ्गलबार पारित राज्यको एक कानुनलाई पनि उनले 'लोकप्रिय देखावटी' बाहेक केही नभएको बताए । रासस

# युक्रेनसँग वार्ता गर्न रुस तयार छः पुटिन



**मस्को ।**
रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले बिहीबार युक्रेनसँग वार्ता गर्न तयार रहेको बताएका छन् । यसअघि कुर्स्क क्षेत्रमा किएभको आक्रमण जारी रहेको बेला वार्ताको विचारलाई उनले अस्वीकार गरेका थिए ।

युक्रेनले अगस्टमा रुसको कुर्स्क क्षेत्रमा अभूतपूर्व सीमा पार आक्रमण सुरु गर्यो र हजारौँ सैनिकलाई सीमापार पठाएर धेरै गाउँ कब्जा गर्यो । त्यस लगत्तै पुटिनले कुनै वार्ता हुन नसक्ने बताए । भ्लाडिभोस्टक सहरमा रुसको पूर्वी आर्थिक मञ्चमा प्रश्नोत्तर सत्रमा उनले रुस वार्ताका लागि तयार रहेको तर सन् २०२२ मा इस्तानबुलमा मस्को र किएभका वार्ताकारहरूबीच रद्द भएको सम्झौताका आधारमा वार्ता हुने बताए । सार्वजनिक नगरिएको ती सम्झौताका सर्तहरू कहिल्यै पूरा भएनन् ।

'के हामी उनीहरूसँग वार्ता गर्न तयार छौँ ? हामीले वार्ता गर्न कहिल्यै अस्वीकार गरेका छैनौँ तर केही अल्पकालीन मागहरूका आधारमा नभई इस्तानबुलमा सहमति भएको दस्तावेजहरूका आधारमा वार्ता गर्न तयार छौँ', उनले भने । मस्कोले युक्रेनमा आक्रमण सुरु गरेलगत्तै रुस र युक्रेन सन् २०२२ को वसन्तमा एउटा सम्झौताको नजिकमा पुगेको क्रेमलिनले बारम्बार दाबी गरेको छ । 'हामी एउटा सम्झौतामा पुग्न सफल भयौँ, कुरा यही हो, उक्त दस्तावेजमा हस्ताक्षर गर्ने युक्रेनी प्रतिनिधिमण्डलका प्रमुखको हस्ताक्षरले यसको प्रमाण दिन्छ, यसको अर्थ युक्रेनी पक्ष सामान्यतया सम्झौताहरूबाट सन्तुष्ट थियो', उनले भने, 'उनीहरूलाई यस्तो नगर्न आदेश दिइएकाले सम्झौता लागू भएन किनकी संयुक्त राज्य अमेरिका, युरोप, केही युरोपेली मुलुकहरू रुसको रणनीतिक हार हासिल चाहन्थे ।' रासस

# फिलिपिन्सको विकासका लागि एडिबीद्वारा छ वर्षे योजना सार्वजनिक



**मनिला ।**
एसियाली विकास बैङ्क (एडिबी) ले फिलिपिन्सको विकास तथा जलवायु चुनौतीको सामना गर्न दिगो, समावेशीसहितको विकास सुनिश्चितता गर्न डिजाइन गरिएको छ वर्षे साझेदारी रणनीति सुरु गरेको छ ।

सन् २०२४–२०२९ सम्मको रणनीति महत्त्वपूर्ण विकास आवश्यकता सम्बोधन गरी प्रमुख क्षेत्रहरूमा सहयोगलाई सुदृढ पार्न केन्द्रित रहने छ । यसमा मानव विकास, आर्थिक प्रतिस्पर्धा र गुणस्तरीय पूर्वाधारका साथै प्रकृतिमा आधारित विकासलगायतका विषय समावेश रहेको मनिलाको एक बैंकले प्रेस विज्ञप्तिमार्फत जनाएको छ ।

विज्ञप्तिअनुसार डिजिटल रूपान्तरण, लैङ्गिक समानता, सुदृढ शासन र संस्थागत क्षमताका लागि रणनीतिको अभिन्न अङ्ग हुन् । रणनीतिले विकासका लागि समग्र दृष्टिकोण सुनिश्चित गर्दछ । रणनीतिले आर्थिक वृद्धिलाई गतिशील बनाई गरिबी र आय असमानतालाई सम्बोधन गर्दै दोहोरो चुनौतीको सामना गरिरहेको समयमा समृद्ध भविष्यका लागि सहकार्यलाई अगाडि बढाउने फिलिपिन्सका लागि एडिबीका देशीय निर्देशक पावित रामचन्द्रनले बताए ।

फिलिपिन्सलाई विकासमा सक्रिय राख्न एडिबीले यस रणनीतिअन्तर्गत कम आय भएका घरपरिवारलाई फाइदा पुर्याउन प्रमुख पूर्वाधार लगानीमार्फत क्षेत्रीय आर्थिक विकास कोरिडोरलाई बढावा दिनेछ ।

यसैगरी रणनीतिबमोजिम स्वच्छ ऊर्जा, अर्थव्यवस्था तथा प्रकृतिमा आधारित लगानी जस्ता क्षेत्रहरूमा ध्यान केन्द्रित गर्नेछ । रणनीतिअन्तर्गत एडिबीले नीति सुधार र समर्थन गरी बजार तथा लगानीलाई सुदृढ पार्दै कोषको विस्तार गरी निजी क्षेत्रको नेतृत्वमा विकासलाई उत्प्रेरित गर्ने जनाएको छ । रासस

# एमालेको साधारण सदस्य बन्छु भन्दा पनि मलाई दिएनन्: वामदेव गौतम

*लामो समय वामपन्थी राजनीति गरेका नेता हुन् वामदेव गौतम। कुनै बेला एमालेमा संगठक र स्पष्ट वक्ताको पहिचान बनाएका उनी उपप्रधानमन्त्रीसम्म भए। पार्टीका विभिन्न निकायमा रहेर धेरै अनुभव बटुले। एमाले विभाजन गरेर केही वर्ष मालेको महासचिव पनि भए। पछिल्लो समय भने उनको मूल राजनीतिमा हराउँदै गएका छन्। नेकपा कालमा उपाध्यक्ष रहेका गौतम विवाद हुँदा कुनै पक्षमा खुलेनन्। नेकपा पूर्वविभाजित भएर एमाले र माओवादीमा फर्कियो। उनी भूमिकाविहीन भए। त्यसपछि राजनीतिको मूलधारबाट किनारीकृत भएका गौतम अहिले एमालेमा र एकीकृत समाजवादीमा जाने प्रयत्न गरिरहेका छन्। तर दुवै पार्टीले नपात्याएको उनको गुनासो छ। यिनै विषयमा राष्ट्रियसभा सदस्यसमेत रहेका पूर्वगृहमन्त्री वामदेव गौतमसँग गरिएको कुराकानीः*



**पछिल्लो समय केमा व्यस्त हुनुहुन्छ?**

मैले केही समयअघि नेकपा एकता राष्ट्रिय अभियान बनाएको थिएँ। नेपालका कम्युनिस्ट दललाई एकीकृत गर्न समूह निर्माण गरेँ। त्यसलाई दर्ता पनि गरियो। तल्लो स्तरका कार्यकर्ताले साथ नदिए पनि संगठन अलिअलि चलिरहेकै छ। १०–१५ जिल्लामा जिल्ला संगठन छ। अहिले त त्यो पनि कहाँ छ, कहाँ छैन। देशका विभिन्न क्षेत्रमा व्यक्तिगत रूपमा सम्पर्क छ। उहाँहरूसँग छलफल गर्छु। स्तम्भहरू लेख्छु। यसरी नै चल्दैछ।

**तपाईँले चलाउनुभएको एकता अभियानका केही नेताले तपाईँलाई निकालेको घोषणा गरे। अझै तपाईँसँगै छ एकता समूह?**

छ्या छ्या छ्या! त्यस्तो अराजनीति हुन्छ। सद्दे मान्छेले गर्न नहुने काम गरेका हुन्! ती मान्छे गए–सकिए। निष्कासन गर्नुको के अर्थ हुन्छ र त्यो? ती मान्छेले एकपटक प्रचण्डलाई पनि निकालेका रहेछन्। यो पार्टीबाट प्रचण्डलाई निकालिएको छ भन्दा रहेछन्। त्यसको अर्थ छैन।

**एकता अभियान पनि साँघुरियो भन्दै हुनुहुन्छ। अभियान नचलेपछि कसरी मूल पार्टीमा जाने?**

एकता अभियान कमजोर भएकै हो। अब त पार्टी चाहियो। पार्टीमा जान पहिलो त नेकपा एमाले हो। एमालेमा केपी ओली बोल्नुभा'छैन। अरू साथीहरू पनि बोल्नुभा'छैन। शंकर पोखरेलले चार नेताहरू माधव नेपाल, झलनाथ खनाल, प्रचण्ड र वामदेव गौतमलाई पार्टीमा ठाउँ छैन भन्नुभएछ। यी बुढा र काम नलाग्ने हुन भनेर भनिएको छ। आइन्दा यी मान्छेका कुरा लिएर नआए पनि हुन्छ भन्नुभएछ। शंकरजी त महासचिव हो। पार्टीमा छलफल भएरै त्यसो भन्नुभएको होला।

**उसो भए एमालेमा तपाईँको ढोका बन्द भएको हो त?**

(हाँस्दै) बन्द हुने–नहुने त उनीहरूको कुरा हो नि। म त छोडेर हिँडेँ। छोडेर हिँडेपछि मलाई ल्याउनुहोस्– काम दिनुहोस् नमर्दासम्म काम गर्छु भनेँ। मैले सबै कुरा भनिसकेको छु। म त्यसबेला अलग हुनु हुँदैनथ्यो। मैले माओवादी र एमालेको एकता गराएर गल्ती गराएछु। किनभने त्यसपछि बनेको नेकपालाई दुई अध्यक्षले चलाउन सकेनन्। असफलता उनीहरूकै हो।

नेकपामा केही समयपछि प्रचण्डले गुनासो गर्न थाल्नुभयो। एउटा अध्यक्ष छ, दुई अध्यक्ष दुईतिर भए। म कतै पनि लागिनँ। दुईजनालाई मिलाउन लागेँ। मेरो उद्देश्य पवित्र थियो। तर सम्भव भएन।

**ओलीसँग कुरा भएको छैन?**

मैले ओलीसँग पनि कुरा गरेँ। मलाई काम दिनुहोस् भनेको थिएँ। सुरुमा तपाईँदेखि तलतिरको पद दिनुहोला भनेर प्रस्ताव राखेँ। वरिष्ठ उपाध्यक्ष दिन्नँ भन्नुभयो। मैले ईश्वर पोखरेलसँग कुरा गरेर तपाईँ मातहत बस्छु भनेँ। त्यतिले पनि भएन भनेँ। मैले खबर पठाएर भनेँ, म कुनै पद नमागीकन एमालेमा आउँछु, दिनुहोस्। त्यहाँ आएपछि पार्टी सदस्यता कायम गर्दिनुहोला। त्यसपछि के गर्नुपर्छ पार्टी सदस्य भएका कारणले म गर्छु भनेँ। अहिले उहाँहरूले खबर पठाउनुभयो। मलाई एमालेमा प्रवेश गर्न वा साधारण सदस्य बनाउन पनि नदिने कुरा आयो। त्यसपछि कुरा समाप्त भयो।

**जसो गरे पनि तपाईँको निकट पार्टी एमाले हो। ५० वर्ष तपाईँ त्यही पार्टीमा लड्नुभयो। अब त्यहाँ आउनै नदिने भन्दाचाहिँ तपाईँलाई कस्तो लाग्छ?**

उहाँहरू डराउनुभयो। केपीजी अनेक किसिमको दाउ खेल्नुहुन्छ। केपीबाहेकका अन्य साथी त त्यहाँ नयाँ हुनुहुन्छ। उहाँहरूसँगसँगै भएर मसँग छलफल गर्ने कुरा नयाँ साथीहरू स्वीकार्नु हुन्न।



**एकीकृत समाजवादीतिर जाने कुराचाहिँ के हो?**

मैले समाजवादी पार्टीमा पनि प्रयत्न गरेँ। माधव (अध्यक्ष माधवकुमार नेपाल) कमरेड मलाई भेट्न आइरहनुहुन्छ। तर तपाईँ समाजवादीमा आउनुप¥यो भन्नुहुन्न। महाधिवेशन सकिएर पदाधिकारी चयनका बेला पनि आउनुभएको थियो। त्यसबेला चाहिँ वरिष्ठ नेता दिन्छौँ भन्नुभयो। वरिष्ठ नेता पद राम्रो होइन भनेर मैले भनेँ। पछि फेरि मैले वरिष्ठ नेता दिनुहोस् म आउँछु भनेँ। त्यो पनि भएन।

**वरिष्ठ नेतामा प्रस्ताव लिएर तपाईँले हुन्छ भन्नुभयो तर पनि भएन? के कारण भएनछ?**

के भएन होला? त्योचाहिँ तपाईँले पत्ता लगाउनुहोस्। म त्यो पार्टीमा नभएपछि मलाई त्यतापट्टिको कुरा थाहा भएन। समाजवादीका एकजना शीर्ष नेताले वामदेवलाई ल्याउन सकिन्थ्यो तर विगतमा पनि वामदेवको अवसरवादी चरित्र देखियो। अर्को कुरा उहाँ सधैँ जबजको वकालत गर्नुहुन्छ। हाम्रोमा जबज हट्यो भनेका छन्।

**खास कुरा के हो?**

त्यो पार्टीमा जबजविरुद्ध बाल्ने केही नेतामात्रै छन्। पहिलो झलनाथ खनाल हुन्। उहाँ के भन्नुहुन्छ भने बहुदलीय प्रतिस्पर्धाबाट समाजवाद विकास गर्न सकिन्न। यसको मतलब युद्ध गरेर सरकारी सत्ता कब्जा गरेपछि र रगत बगाएपछि मात्र समाजवाद आउँछ भन्नुहुन्छ उहाँ। मलाई के लाग्छ भने ब्रह्माण्डमा अब कहिल्यै त्यसो हुनेछैन। जनताको बहुदलीय जनवादले नै समाजवादमा विपरीत तत्त्वको अवस्थाको सिर्जना गर्छ जसले समाजवाद टिकिरहन सक्छ। माक्र्सवादी दर्शनले त्यही भन्छ। त्यसअनुसार मदन भण्डारीले जे निष्कर्ष निकाल्नुभयो, त्यो अत्यन्त सही छ। समाजवाद बहुदलीय प्रतिस्पर्धाबाट प्राप्त हुन सक्छ। म त्यो कुरामा अडिग छु।

मैले तपाईँहरूले जे भन्नुहुन्छ, त्यही भन्दै जाऔँला। जबज यसो हो, उसो भन्दै हिँड्दिनँ भनेँ। पार्टीभित्र मलाई विचार राख्न दिनुहोस्। समर्थन गर्नुभयो भने तपाईँहरूले पनि मानेर जानुहोला पनि भनेँ। विचार त सुन्न सक्नुपर्‍यो। विचार त चित्त बुझे मान्ने हो नभए नमान्ने हो। यसमा समस्या छैन। तर त्यो काम पनि भएन।

**विचारका सन्दर्भमा त शंकर पोखरेलसँग तपाईँ नजिक हुनुहुन्छ। उहाँले जबजलाई सिद्धान्त बनाएर लैजानुपर्छ भन्दै आउनुभएको छ। तिनै नेता अहिले किन तपाईँका विरुद्धमा लागे?**

होइन, होइन। शंकर पोखरेल सिद्धान्त बनाउन कहिल्यै लाग्नुभएन। उहाँ जबजको पक्षधर हो। अहिले एमालेमा जबज छैन। पाँचौँ महाधिवेशनमा जे कार्यक्रम प्रस्तुत गरिएको थियो, त्यही कार्यक्रम कायमै छ। सिद्धान्त बनाएकै छैन।

**कुनै बेला तपाईँ माओवादीलाई मिलाउन सक्ने नेता हुनुहुन्थ्यो। एमाले–एकीकृत समाजवादीले ढोका बन्द गर्दा त्यो पनि त कम्युनिस्ट पार्टी हो। त्यता लाग्नचाहिँ कोसिस गर्नुभएन?**

विगतमा मैले गरेँ। अहिले भएन नि त। भूमिगतकालमा पनि मलाई आउनुहोस् कमरेड भन्नुहुन्थ्यो। एमाले छाडेर आउनुहोस् भनेर उहाँहरूले भन्नुभयो। कमरेड प्रचण्डले विगतमा त्यसै भनेकाले पनि मलाई दुई पार्टी एकीकरण गर्न सहज भयो। पछिल्लो कालमा पनि प्रचण्डसहितका नेताले आउनुहोस् भन्नुभयो। मैले आउँदिनँ भने।

आन्दोलनमा इमानदार व्यक्तिहरू मारिए। जसले हतियार उठाएका थिएनन् उनीहरू पनि मारिए। समातेर लगेर घाँटीमा हानेर मारे। कसैलाई खुकुरीले हानेर बोको जसरी मार्ने काम भए। यस्तो भएपछि मैले सार्वजनिक रूपमा पार्टीमा आउँदिनँ भनेको थिए। अहिले त उहाँहरूले पार्टीमा आइज भन्न छाड्नुभयो। सँगै जाऔँचाहिँ भन्नुहुन्छ तर पार्टीमा आइज भन्नुहुन्न। त्यो पार्टीको नाम फेर्न सकिन्छ भने जान सकिन्छ। त्यो त एकपटक गइयो। यता एमाले हट्यो, उता माओवादी हट्यो। नेकपा भयो। त्यसरी त जान सकिने रहेनछ।

**माओवादीसँग गठबन्धन गर्न सकिन्छ तर त्यहाँ प्रवेश गर्न सकिन्न भन्न खोज्नुभएको हो?**

हो, त्यही हो। उहाँहरूसँग मेरो व्यक्तिगत सम्बन्ध राम्रो छ। अहिले भन्ने हो भने केपी र माधवसँग भन्दा प्रचण्डसँग मेरो सम्बन्ध राम्रो छ। प्रचण्डले मेरो कुरा सुन्नुहुन्छ। उहाँले बोलाउनुहुन्छ तर पार्टी संगठनको सम्बन्ध लिएर त्यो पार्टीमा जाने कुरामा अहिलेसम्म सोचेको छैन।

**तपाईँ कुनै बेलाको सबैभन्दा सशक्त नेता र संगठक भनेर चिनिनुहुन्थो। अब पनि त तपाईँ आफैँ पार्टी निर्माणमा लाग्दा हुँदैन र? किन एमाले र एकीकृत समाजवादी फर्किनुपर्ने?**

पार्टी बनाउन पैसा चाहिन्छ। मसँग पैसा छैन। बाटो हिँड्न पनि पैसा चाहिन्छ। मसँग केही पनि भएन नि त। राष्ट्रियसभाको सदस्य छु। त्यसैबाट घरपरिवार चलाउने हो। हिँड्न सकिएन। भूमिगत कालमा पैदल हिँडिन्थ्यो। अहिले सम्भव भएन। कतिपय ठाउँमा त अहिले प्लेन वा गाडीमा जानुपर्‍यो। अरू साथीभाइलाई सँगै लानुपर्‍यो। विभिन्न ठाउँमा भेला गर्नुपर्‍यो। यसो गर्न सामान्य पैसा पनि मसँग भएन। जसले गर्दा म जनताको बीचमा जान पाइनँ। जनताको बीचमा जान पाएको भए अरूजत्तिकै पार्टी बनाउन सक्थेँ। म ७७ जिल्लामै जान सक्छु। पैसा नभएपछि जानै सकिएन।

तपाईँ विगतमा सरकारमा जानुभयो। प्रायः सांसद हुनुभयो तर पनि पैसा नभएको? अनि तपाईँको नाम त कुनै बेला सुन प्रकरणसँग पनि जोडिएको थियो।

यस्तो हुँदै नभएको कुरा! सुन प्रकरणमा जोडिएको भए मलाई पक्राउ गर्ने थिएनन्। मैले भ्रष्टाचार गरेको कसैसँग प्रमाण छ भने मुद्दा हाल भनेको थिए। म भ्रष्टाचारमा जोडिएको थिएँ भने त बाँकी नै रहने थिइनँ नि। ***हिमाल प्रेस***

# रास्वपाको प्रदेशस्तरीय विस्तारित बैठक सर्लाहीमा



**मधेशदृष्टि**
**सर्लाही ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मधेश प्रदेशको विस्तारित बैठक सुरू भएको छ । सर्लाहीको लालबन्दीमा बैठक भइरहेको कार्यवाहक प्रवक्ता मनिष झाले बताए । बैठकमा सहभागी हुन सभापति रवि लामिछाने, उपसभापति डा. स्वर्णिम वाग्ले, प्रवक्ता झालगायत सर्लाही पुगेका छन् । बैठकमा प्रदेश समिति र विभाग तथा जिल्ला समितिका पदाधिकारी सहभागी छन् । बैठक सुरु हुनुअघि लालबन्दीमा सभापति लामिछाने, उपसभापति वाग्लेसहितको उपस्थितिमा ¬याली गरिएको थियो ।

रास्वपाले असोज पहिलो साना राष्ट्रे भेला गर्दैछ । भेलाअघि सभापति लामिछानेको उपस्थितिमा सबै प्रदेशस्तरीय बैठक गर्ने केन्द्रीय समितिको निर्णय अनुसार बिहीबार मधेश पुगेका हुन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी पर्सा जिल्ला संयोजक हरि पन्तका अनुसार बैठकमा पार्टीको संगठन विस्तार, आगामी रणनीति, तथा मधेश प्रदेशमा पार्टीको भूमिका र भविष्यबारे छलफल भइरहेको छ । बैठकले मधेश प्रदेशमा रास्वपाको प्रभावकारिता बढाउन महत्वपूर्ण निर्णयहरू गरिने बताइएको छ ।

# सञ्चारमाध्यम सशक्त हुन जरुरीः मुख्यमन्त्री

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले मधेशको समृद्धि र सुशासनमा प्रश्नचिन्ह उठिरहेको बेला सञ्चारमाध्यम थप सशक्तरुपमा जनताको पहरेदार भएर लाग्नु पर्नेमा जोड दिएका छन् ।

बिहबिार वीरगंजमा न्यूज २४ को प्रादेशिक ब्यूरो कार्यालय उद्घाटन गर्दै मुख्यमन्त्री सिंहले सञ्चारमाध्यमको सशक्त पहरेदारी भए भ्रष्टाचार, अनियमितता जस्ता विकृति अन्त्य हुने दाबी गरे । उनले प्रदेश सरकार सुशासनप्रति प्रतिबद्ध रहेको र सरकार मातहतका संयन्त्रले निष्ठापूर्वक काम गरे मात्र जनताले सुशासनको अनुभूति गर्न पाउने बताए । उनले तल्लो निकायबाट सम्पादन हुने कामले सरकारको भूमिका स्थापित हुने भन्दै भूइँ तहमा कार्यरत जनशक्तिले इमानदारी तथा निष्ठापूर्वक काम




गरिदिँदा सरकारबाट प्रवाह हुने सेवा संस्थागत र सुशासनयुक्त हुने दाबीसमेत गरे ।

उनले प्रदेश सरकारले प्रदेश कानून निर्माण तथा कार्यान्वयनलाई प्राथमिकताका साथ अगाडि बढाएको बताउँदै समग्र मधेशको समृद्धिका लागि सबैको सामुहिक प्रयास हुनु पर्ने कुरामा जोड दिए । न्युज २४ का समाचार ब्यूरो प्रमुख राजु श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका अध्यक्ष अशोक टेमानी, मधेश विश्वविद्यालयका उपकुलपति डा.दीपक शाक्य, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य सुबोध गुप्ता, वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल अग्रवाल, नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव दीपेन्द्र चौहान, वीरगंज उद्योग वाणिज्य संघका उपाध्यक्ष माधव राजपाललगायतको सहभागिता थियो ।

# मदरसा शिक्षा ऐन तथा बोर्ड गठन गर्न आम मुस्लिम मोर्चाको माग

**मधेशदृष्टि**
**काठमाडौँ ।**
आम जनता पार्टी (आजपा) निकटको आम मुस्लिम मोर्चाको केन्द्रीय कमिटी पुनर्गठन भएको छ । पुनर्गठित मोर्चाको अध्यक्षमा लालबाबु मन्सुरी चयन भएका छन् । ७७ सदस्यीय मुस्लिम मोर्चाको इन्चार्जमा आजपा उपाध्यक्ष समेत रहेकी समिना हुसेन रहेकी छन् ।




मदरसालाई वैधानिकता दिलाउनुपर्ने, मदरसा शिक्षा ऐन तथा बोर्ड गठनको लागि आम मुस्लिम मोर्चाको पुनर्गठन गरिएको हो । मोर्चाको उपाध्यक्षमा लुकमान मन्सुरी मियाँ, इस्लाम मियाँ, शेख जमाल, महासचिवमा शेख मोविन, सचिवमा महम्मद इस्तेखार, अफताब अहमद, सहसचिवमा सनिफ मियाँ, कोषाध्यक्षमा सकिना खातुन रहेका छन् ।

यसैगरी मोर्चाको सदस्यहरुमा नजिर मियाँ, शेख रैसुल आलम, नेक मोहमद, आश महमद, शेख सकिना खातुन, मो. सालिम, मुमताज हवारी, रहिम हवारी, समसुल हवारी, महमद सालिम, फिरोज मन्सुरी, बेचन कवारी, हुसेन मियाँ, मो.अफताब अलि, अब्दुल शाह, शेख मोफिद, हारुन हुसैन, मो.नौसाद, मोसी असगर राईन, फहिम हवारी, सदाम ब्रहठा, जिकरुल्लाह मियाँ, कलामुदिन मियाँ, अलतफ सिद्धिकी रहेका छन् । शेख शाह मोहम्मद, शेख नजिर, समिम हवारी, समिल मन्सुरी, मो. इर्शाद आलम, मो.जाउल राईन, हिसबुल खातुन, मो.अल्लाउदिन मियाँ, अजमल शेख, शेख नैइमुदिन, जियाउल हक, खालिद राईन, फिरोज मनसुरी लगायतका रहेको अध्यक्ष लालबाबु मन्सुरीले जनाएका छन् ।

# नेता साहलाई रिहा नगरिए कडा आन्दोलन गरिने आजपाको चेतावनी

**मधेशदृष्टि**
**वीरगंज ।**
आम जनता पार्टी (आजपा) ले केन्द्रीय सदस्य एवं अभियन्ता ईन्जिनियर प्रमोद राणा साहलाई यथाशिघ्र रिहा गर्न माग गरेको छ । साथै भ्रष्टाचारको अड्डा बनेको नापी कार्यालय सप्तरीका अधिकृत सुमनकिशोर मिश्र लगायतका भ्रष्टकर्मचारीलाई छानविन गरी कानूनी कारबाही गर्न आजपाले माग समेत गरेको छ ।



सप्तरी जिल्लाको रुपनी गाउँपालिका वडा नं.१ निवासी आजपा केन्द्रीय सदस्य एवं अभियन्ता साहलाई पूर्वाग्रही ढंगले प्रहरीले बुधबार पक्राउ गरेको छ । साहलाई पक्राउ गरेपछि आजपा प्रवक्ता चन्द्रभुषण साहले एक बिज्ञप्ती मार्फत घटनाप्रति आपत्ति जनाउँदै घोरभत्र्सना गरेका छन् ।

'सप्तरी जिल्ला नापी कार्यालयले बिचौलिया र करारको कर्मचारीमार्फत गर्दै आएको अनियमितता, भ्रष्टाचार एवं लुटआतंकको बारेमा पीडित सहितको सप्रमाण साथमा लिई थप बिषय बुझन र यस अपराधको बारेमा खबरदारी गर्न सोही कार्यालयको कार्यालय समयमा गएको सन्दर्भलाई लिएर भ्रष्टाचारका पक्षपोषक सरकार र तिनका मतियारको रुपमा सप्तरी प्रशासनले भ्रष्टाचारीलाई कानूनको दायरामा ल्याउनुको साटो उल्टै सप्तरी जिल्ला रुपनी गाउँपालिका वडा नं.१ निवासी हाम्रो आम जनता पार्टीका केन्द्रीय सदस्य एवं अभियन्ता ई.प्रमोद राणा साहलाई पूर्वाग्रही ढंगले मिति २०८१ भदौ १९ गते गिरफ्तार गरेको घटनाप्रति आपती प्रकट गर्दै घोरभत्र्सना गर्दछौं' आजपा प्रवक्ता साहले जारी गरेको विज्ञप्तीमा उल्लेख गरिएको छ ।

गिरफ्तार पार्टीका नेता एवं अभियन्ता साहलाई यथाशिघ्र बिनासर्त रिहा गर्न र देशको प्रमुख शत्रुको रुपमा रहेका दलाल, बिचौलिया एवं भ्रष्ट कर्मचारीहरुलाई कानूनी कारवाहीको दायरामा ल्याउन आजपाले माग गरेको छ ।

साथै तिनिहरुलाई पक्षपोशन गरिरहेका सप्तरी जिल्ला प्रहरीका प्रमुख एसपी गजुसिद्धि बज्राचार्य लगायतका प्रशासकहरुलाई छानबिनको दायरामा ल्याउन सबै सरोकारवालाहरुको गम्भिर ध्यानाकर्षण सहितको जोडदार माग आजपाले गरेको छ ।

'हाम्रो न्यायोचित मागहरुलाई कुनै पनि किन्तुपरन्तुको बहानामा नजर अन्दाज गर्ने दुस्प्रयास भए हामी कडाभन्दा कडा संघर्षका कार्यक्रमहरु गर्न बाध्य हुने र यसबाट सृजित हुने सम्पूर्ण क्षति एवं परिस्थितिको जिम्मेवारी राज्यपक्षले लिनुपर्ने बिषय अग्रीम रुपमा अवगत गराउन चाहन्छौं' आजपाले जारी गरेको विज्ञप्तीमा उल्लेख गरिएको छ ।

# कटहरियामा यालु थर्काउने २ जना पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्लाको गरुडा–कटहरिया–कलैया सडकखण्डमा राति अत्यधिक मदिरा सेवन गरी यात्रु थर्काउने दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । स्थानीय सञ्चारकर्मी ओम प्रकाश यादवको मौखिक गुनासो तथा जिल्ला प्रहरी प्रमुख एसपी दिलीप घिमिरेको निर्देशनमा ईलाका प्रहरी कार्यालय कटहरियाका प्रमुख सई शिवशंकर शर्माको टोलीले उनीहरुलाई पक्राउ गरेको हो । कटहरिया बजार भन्दा पश्चिम कटहरिया कलैया सडकखण्डको लालबकैया नदीको पुल छेउमा माछा मार्दै गरेको अवस्थामा वडा ५ का रामचन्द्र सरभङको छोरा बर्ष २८ को प्रभु सरभङ र बीरेन्द्र महरा चमारको छोरा बर्ष २० को सुनिल महरा चमारलाई बुधबार राति साढे ११ बजे पक्राउ गरी ईलाका प्रहरी कार्यालय गरुडा पठाएको थियो । एसपी घिमिरेले पक्राउ परेका दुवैजना माथि अभद्र व्यवहार मुद्दा चलाइने बताएका छन् । सरभङ र चमारसँगै ५–६ जना युवाहरुको समुह लालबकैया नदीको पुल छेउमा राति राति माछा मार्ने र उक्त बाटो भएर आउने जाने यात्रुको मोटरसाईकल रोकेर विभिन्न बहानामा थर्काउने गरेको पत्रकार ओम प्रकाश यादवले बताएका छन् । दुईदिन अघिमात्र फतुवा बिजयपुरबाट फर्किने क्रममा पुल नजिकै उनीहरूको समूहले यादव चढेको मोटरसाईकल रोकेर १५ मिनेटसम्म डर धम्की दिएका थिए । पछि एउटा चार पाङ्ग्रे गाडी आएपछि उनीहरूले आफूलाई छाडेको यादवले बताए । उनीहरूको गिरोहले पछिल्लो एक महिनादेखि नै सो बाटो भएर बेलुकी आउने जाने दर्जनौं मानिसलाई थर्काउने गाली गर्ने दुव्र्यवहार गर्ने गरेको कटहरिया ५ का रबिन्द्र प्रजापतिले बताए । हाल दुवैजना ईलाका प्रहरी कार्यालय गरुडाको नियन्त्रणमा रहेको तथा उनीहरु विरुद्ध मुद्दा चलाउने तयारी भईरहेको प्रहरीले जनाएको छ । उनीहरूको गिरोहमा अरु कोको छन् त्यसबारे थप अनुसन्धान भइरहेको ईलाका प्रहरी कार्यालय गरुडाले जनाएको छ । पक्राउ परेका सरभङ कटहरिया नगरपालिका ५ का एकजना वडा सदस्यको छोरा रहेकाले उनीहरुलाई छुटाउन केही जनप्रतिनिधि तथा केही राजनीतिक दलका नेताहरुले दबाब दिइरहेको स्रोतले जनाएको छ । तर उनीहरुलाई कुनै पनि हालतमा नछोड्ने प्रहरीको अडान छ ।

# संघीय निजामती विधेयक पारित गर्न उच्च छलफल गर्नेः मन्त्री

**मधेशदृष्टि**
**काठमाडौँ ।**
संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले संघीय निजामती विधेयक पारित गर्न उच्च राजनीतिक तहमा छलफल गर्ने बताएका छन् । संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० माथि प्रतिनिधिसभाको राज्यव्यवस्था तथा सुशासन समितिमा सैद्धान्तिक छलफलका क्रममा मन्त्री गुप्ताले उक्त कुरा राखेका हुन् । समितिको बिहीबारको बैठकमा संघीय निजामती विधेयक संसद्बाट पारित गर्नुपर्ने बताए । मन्त्री गुप्ताले विधेयकमा १ हजार ५ सय ८३ संशोधन प्रस्ताव रहेको र संशोधनमाथि छलफल गर्दा छलफलमै दुई वर्ष बित्नसक्ने भन्दै उच्च राजनीतिक तहमा समन्वय गरेर विधेयकलाई तत्काल अगाडि बढाउनुपर्ने बताए । 'आज यस विधेयकमा सैद्धान्तिक छलफल भयो । छलफलमा माननीयहरूले जे सुझाव, सल्लाह दिनुभयो । ठिकै हो, १ हजार ५ सय ८३ वटा संशोधन प्रस्ताव छ । यसलाई छलफलमा लगियो भने यो छलफल नै वर्ष, दुई वर्ष जान्छ,' मन्त्री गुप्ताले भने, 'हामी उच्च राजनीतिक तहमा समन्वय गर्छौं । उहाँहरूको निर्देशन लिन्छौँ र छलफल गरेर अगाडि बढ्छौँ । म सभापति र माननीयहरूलाई के आग्रह गर्छु भने यो समितिमा थुप्रै विधेयक छन् तर यसलाई पनि प्राथमिकतामा राखेर अगाडि बढाइदिउँ ।' २०८० फागुन २१ मा दर्ता भएको विधेयक प्रतिनिधिसभाको राज्यव्यवस्था समितिले अहिले आएर छलफल अगाडि बढाउन लागेको हो ।







मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन